मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ४८ • २०८२ साल पौष १७ गते बिहीबार • Thursday 01, January 2026 • सूर्योदयः बिहान ०६:५५ बजे • सूर्यास्तः साँझ ५:२४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## हुण्डीमा संलग्न तीनजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले विशेष सूचनाका आधारमा हुण्डी कारोबारमा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेकामध्ये दुई जना भारतको बिहार राज्यका नागरिक र एकजना पर्साका स्थानीय व्यक्ति रहेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरू बेतिया, बिहार निवासी ५० वर्षीय अनवर मिया र उनका २२ वर्षीय छोरा महमद कैफ अहमद, जो वीरगंज–२ र–१० मा बस्छन् । अनवर मियासँग १ लाख ३० हजार ९ सय ५० रुपैयाँ र महमद कैफसँग ३ लाख रुपैयाँ बरामद भएको छ । मोतिहारी, बिहार निवासी ४८ वर्षीय फूल महमद, जो वीरगंज–१० मकालु चोकबाट नियन्त्रणमा लिइएको हो । उनीसँग २ लाख ४१ हजार बरामद भएको छ । तीनैजनाविरुद्ध मुलुकी अपराध संहिता २०७४ को दफा १२५ (क) अनुसार (हुण्डी कारोबार गर्न नहुने) मुद्दा चलाइरहेको छ । अदालतबाट तीन दिनको थप म्याद लिएर अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । पक्राउ र बरामद रकमसहितको अनुसन्धान जिल्ला प्रहरी कार्यालय पर्साद्वारा अगाडि बढाइँदैछ ।

## लिचीबारी घुस प्रकरणले
# राजकुमार गुप्ताको राजनीति किचिमिची



**नामः राजकुमार गुप्ता**
**पदः नेता, नेकपा एमाले**
**गुमेको पद १: मन्त्री, नेपाल सरकार**
**गुमेको पद २: प्रतिनिधि सभा सदस्य, पर्सा–३**
**मुद्दाः पोखराको लिचीघारी घुस प्रकरण**
**सिफारिसः हिरासतमा राखेर अनुसन्धान**

**मधेशदृष्टि**
**वीरगंज ।**
विकिपिडियामा राजकुमार गुप्ताबारे धेरै जानकारी छैन । लेखिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी)का नेपाली राजनीतिज्ञ हुन् । उनी प्रतिनिधि सभा निर्वाचन, २०७९ मा पर्सा ३ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए । उनले २४ हजार ३ सय १९ मत पाएका थिए ।'

हो, यही २४ हजार भन्दा बढी मतले राष्ट्रिय राजनीतिमा पर्साबाट अझ बलशाली दुई तिहाइ नजिकको सरकारमा सांसदपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भएका गुप्तालाई मन्त्री भएपछिको प्रकरणमा 'अतिरिक्त जान्नेसुन्ने' हुँदा हिरासतको सिफारिस भएको छ । शुरुमा उनले भने, 'घुस प्रकरणको अडियो मेरो होइन ।' तर अडियो उनकै भएको पुष्टि भएपछि मुद्दा चल्यो । अदालतले बिहीबार भनेको छ, 'हिरासतमै राखेर अनुसन्धान गर्नू ।' अब सबै साथीभाइ फागुन २१ गते हुने निर्वाचनमा टिकटका लागि दौडधूप गरिरहँदा गुप्ता भने कारागारमा बस्नु पर्ने भएकोछ ।

**के हो प्रकरण ?**
विशेष अदालत काठमाडौँले पोखराको लिचीघारी घुस प्रकरणमा संलग्न पूर्वमन्त्री राजकुमार गुप्तालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएपछि पर्सा र मधेशको मात्रै होइन, नेपाली राजनीति नै तरंगित भएको छ । अख्तियारले एमालेको एउटा ठूलो माछालाई जालमा पारेको देखिएको छ ।

अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र न्यायाधीश डिल्लीरत्न श्रेष्ठ तथा विदुर कोइरालाको इजलासले बुधबार (पुस १६ गते) गुप्तालाई थुना पुर्जी जारी गरी कारागार पठाउन आदेश दिएपछि गुप्ताले कारागारको बास बस्नु पर्ने भएको हो ।

गुप्ताले अदालतमा आफूमाथि लागेको आरोप झुटो भएको र कसैसँग घुस नलिएको दाबी गरिरहँदा प्राप्त प्रमाणका आधारमा उनलाई निर्दोष मान्न नसकिने अदालतको ठहरले उनी कारागार चलानको सिफारिस भएका हुन् ।

**अदालतले कारागार सिफारिस गर्नुका कारण**
क. प्रतिवादीसाग भएको फोन संवादको अडियो–भिडियो
ख. प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारी र रञ्जिता श्रेष्ठले पठाएका सन्देश
ग. गरिमा विकास बैंकको खातामा रकम जम्मा
घ. रकम निकासीको स्टेटमेन्ट
ङ. सरकारी निवासमा रकम गणना गर्दा खिचिएका तस्बिर

यति मात्र होइन, सहप्रतिवादीहरूको अख्तियारमा लिइएके बयानले पनि गुप्ताको संलग्नता देखिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुप्ताविरुद्ध ७८ लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरेको थियो । कास्की मालपोत कार्यालयका प्रमुख अधिकारीको सरुवा रोकिदिने र भूमि आयोगमा सदस्य बनाइदिने आश्वासनका आधारमा घरजग्गा व्यवसायीबाट घुस लिएको मुद्दामा गुप्ता डामिएका हुन् ।

यही मुद्दामा तत्कालीन मन्त्री रञ्जिता श्रेष्ठ, मालपोत प्रमुख रामचन्द्र अधिकारी, घरजग्गा व्यवसायी सुजनकुमार तामाङ, खमबहादुर पुन, यामकुमारी गुरुङ र तुल्सीराम बुढामगर पनि प्रतिवादी बनाइएका छन् । अदालतमा गुप्ताले गरेको दाबी सफेद झुट सावित भएको हो । अडियो र भिडियोसँगै प्रतिवादीहरूबिच भएको फोन संवाद, विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनमा सक्कली भएको भेटिएको छ । जुन गुप्ताले आफ्नो नभएको दाबी गर्दै आएका थिए ।

## राष्ट्रियसभा निर्वाचनका लागि कार्यालय स्थापना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मधेश प्रदेशको राजधानी जनकपुरधाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । निर्वाचनको तयारी, व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन कार्यालय स्थापना गरिएको हो ।



निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएसँगै मधेश प्रदेशमा राष्ट्रियसभा निर्वाचनको औपचारिक प्रक्रिया अघि बढेको छ । निर्वाचन आयोगका अनुसार मधेश प्रदेशमा हाल ३ सय ७९ मतदाता छन्, जसको कुल मतभार १० हजार ८ सय ३९ छ । यी मतदातामा प्रदेश सभा सदस्य तथा स्थानीय तहका प्रमुख–उपप्रमुख र अध्यक्ष–उपाध्यक्ष समावेश छन् । प्रदेश सभातर्फ १ सय ७ सदस्य मतदाता छन् । प्रत्येक प्रदेश सभा सदस्यको मतभार ५३ तोकिएकाले प्रदेश सभातर्फको कुल मतभार ५ हजार ६ सय ७१ पुगेको निर्वाचन कार्यालयले जनाएको छ । त्यसैगरी स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख गरी २ सय ७२ जना मतदाता छन् । उनीहरूको प्रतिव्यक्ति मतभार १९ कायम हुँदा स्थानीय तहका जनप्रतिनिधितर्फको कुल मतभार ५ हजार १ सय ६८ छ ।

मुख्य निर्वाचन अधिकृत सुभाष बाबु पुरीका अनुसार मतदाता नामावली अन्तिम चरणमा पुगेको भए पनि केही कानूनी तथा प्रशासनिक कारणले हालसम्म अन्तिम नामावली सार्वजनिक हुन सकेको छैन ।

'कतिपय प्रदेशसभा सदस्यहरू निलम्बनमा छन् भने स्थानीय तहका केही जनप्रतिनिधि पनि निलम्बित अवस्थामा छन्,' उनले भने, 'यी विषयको टुंगो लागेपछि मात्रै अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ ।'

उनका अनुसार निर्वाचन आयोगले आगामी १९ गते अन्तिम मतदाता नामावली सार्वजनिक गर्ने तयारी गरेको छ ।

अन्तिम नामावली प्रकाशित भएपछि मधेश प्रदेशमा राष्ट्रियसभा निर्वाचनका लागि यकिन मतदाता संख्या र कुल मतभार स्पष्ट हुने उनले जानकारी दिए ।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिकाअनुसार माघ ११ गते राष्ट्रियसभा निर्वाचन सम्पन्न हुनेछ । सो निर्वाचनका लागि आवश्यक प्रशासनिक, प्राविधिक तथा सुरक्षासम्बन्धी तयारी क्रमशः अघि बढाइएको छ । जनकपुरधाममा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारी दर्तादेखि मतदान व्यवस्थापन, मतगणना तथा निर्वाचनसम्बन्धी सम्पूर्ण कामको समन्वय गर्नेछ ।

यता राजनीतिक दलहरू पनि निर्वाचनलाई लक्षित गर्दै आन्तरिक छलफल तथा रणनीति निर्माणमा जुटिरहेका छन् । निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै मधेश प्रदेशमा राष्ट्रियसभा निर्वाचनको माहोल औपचारिक रूपमा शुरु भएको छ । निष्पक्ष, स्वतन्त्र र मर्यादित निर्वाचन सम्पन्न गराउने तयारीमा निर्वाचन प्रशासन केन्द्रित रहेको जनाएको छ ।

## मधेश सरकारको मन्त्रिपरिषदमा पूर्णता, ६ मन्त्रीद्वारा शपथ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारमा नवनियुक्त छ जना मन्त्रीले बुधबार पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । मधेश प्रदेश प्रमुखको कार्यालयमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले नवनियुक्त मन्त्रीलाई शपथ ग्रहण गराएका हुन् ।

मुख्यमन्त्री कृष्ण प्रसाद यादवको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) अनुसार नियुक्त भएका मन्त्रीहरूले आआफ्नो जिम्मेवारी सम्हाल्दै औपचारिक रूपमा कार्यभार ग्रहण गरेका छन् । लामो समयदेखि प्रतीक्षित मन्त्रिपरिषद् विस्तार भएसँगै मधेश प्रदेश सरकारले पूर्णता पाएको छ ।

शपथ ग्रहण गर्ने मन्त्रीहरूमा मनिष कुमार सुमन श्रम तथा यातायात मन्त्री, राजकुमार गुप्ता भौतिक पूर्वाधार तथा विकास मन्त्री, शङ्करप्रसाद चौधरी वन तथा वातावरण मन्त्री, श्यामप्रसाद पटेल भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, बसन्त कुशवाहा खेलकुद तथा समाज कल्याण मन्त्री तथा फकिरा महतो गृह, सञ्चार तथा कानून मन्त्री छन् ।

शपथग्रहण समारोहमा मुख्यमन्त्री कृष्ण यादव, प्रदेश सभामुख रामअशिष यादव, प्रदेश सरकारका वर्तमान मन्त्रीहरू, उच्च पदस्थ कर्मचारीहरू, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

समारोहपछि संक्षिप्त प्रतिक्रिया दिँदै मुख्यमन्त्री यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेशका सबै १२ वटै मन्त्रालयले नेतृत्व पाएको बताए । 'आजबाट मधेश प्रदेश सरकारले औपचारिक रूपमा पूर्णता पाएको छ । अब नीति निर्माण, विकास र जनताका समस्या समाधानमा सरकार अझ प्रभावकारी रूपमा अघि बढ्नेछ,' उनले भने ।

नवनियुक्त मन्त्रीहरूले पनि प्रदेशको समग्र विकास, सुशासन र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले रोजगारी सिर्जना, पूर्वाधार विकास, कृषि सुधार, वातावरण संरक्षण, खेलकुद प्रवद्र्धन तथा आन्तरिक सुरक्षा र कानून कार्यान्वयनलाई विशेष प्राथमिकतामा राख्ने बताएका छन् ।

**मन्त्रिपरिषद्मा दलित र मुस्लिम खोइन ?**
मधेश प्रदेश सरकारको हालै सम्पन्न मन्त्रिपरिषद् विस्तारमा मुस्लिम र दलित समुदायलाई पूर्ण रूपमा बाहिर राखिएको भन्दै आम जनता पार्टी (आजपा)ले कडा विरोध व्यक्त गरेको छ । आजपा मधेश प्रदेश कमिटीका अध्यक्ष उमेश कुशवाहाले यसलाई समानुपातिक समावेशी सिद्धान्तको अपमान मात्र नभई संवैधानिक हकको गम्भीर उल्लंघन भएको बताए ।

मधेश प्रदेशको कुल जनसंख्याको करिब १८ प्रतिशत हिस्सा ओगट्ने दलित समुदायको मन्त्रिपरिषद्मा शून्य सहभागिताले गहिरो दुःख र चिन्ता उत्पन्न भएको उनको वक्तव्यमा उल्लेख छ । कुशवाहाले दलित समुदायलाई योजनाबद्ध रूपमा सत्ता र निर्णय प्रक्रियाबाट अलग राख्नु लोकतान्त्रिक मूल्यविपरीत भएको र संविधानले प्रत्याभूत गरेको समानुपातिक समावेशी शासनको मर्म मधेश प्रदेश सरकारले आत्मसात् गर्न नसकेको आरोप लगाए ।

उनले तत्काल मन्त्रिपरिषद् पुनर्गठन गरी दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न र प्रदेश प्रमुखलाई आवश्यक संवैधानिक तथा नैतिक पहल गर्न आग्रह गरेका छन् । आम जनता पार्टीले समावेशी शासन व्यवहार लागू नभएसम्म आफ्नो संघर्ष जारी रहने चेतावनी पनि दिएको छ ।

## आफ्नै भूगोलमा कमजोर देखिएपछि उपेन्द्र–महन्थको पुनर्मिलन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले एकीकरण गर्ने सहमति गरेपछि देशभरी मधेश केन्द्रित दलको विषयमा चर्चा चुलिएको छ । कतिपयले यो एकिकरणले मधेशमा खुम्चिएको मधेश केन्द्रित दलहरु फेरि उदय हुने भनिरहेका छन् भने कतिपयले शीर्ष नेताहरु आआफ्नो निर्वाचन क्षेत्रमा चुनौती बढ्दै गएको देखेर एकीकरण गरेको टिप्पणीसमेत गरिरहेका छन् । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा महन्थ ठाकुर महोत्तरी–३ बाट अत्यन्तै झिनो मतान्तरले विजयी भएका थिए । नेपाली कांग्रेसको समर्थन हुँदाहुँदै पनि जसपाका हरिनारायण यादवसँग ठाकुरले मात्र दुई हजार ५० मतको अन्तरले विजयी भएका थिए । अब २०८२ को निर्वाचनमा कांग्रेसले आफ्नै उम्मेदवार उठाउने तयारी गरेपछि ठाकुरका लागि चुनौती थपिएको छ । यही दबाबका कारण जसपासँग एकता गरेर आफ्नो निर्वाचन क्षेत्र सुरक्षित गर्ने रणनीतिमा ठाकुर पुगेको लोसपाका एक नेताले बताए ।

उता, जसपा अध्यक्ष उपेन्द्र यादव स्वयम् पनि २०७९ को निर्वाचनमा सप्तरी–२ बाट जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतसँग दोब्बरभन्दा बढी मतान्तरले पराजित भएका थिए । पछि बारा–२ को उपनिर्वाचन जिते पनि आगामी निर्वाचनमा कहाँबाट उम्मेदवार बन्ने भन्ने विषय अझै टुंगो लागिसकेको छैन । सप्तरी, बारा वा अन्य जुनसुकै क्षेत्रमा उम्मेदवारी दिए पनि लोसपाको मत समर्थन उपेन्द्रका लागि अनिवार्य रहेको जसपाकै नेताहरू बताउँछन् ।



त्यसमाथि, रौतहटको गौरकाण्डसम्बन्धी जाहेरी सर्वोच्च अदालतको परमादेशपछि पुनः अनुसन्धानमा जान सक्ने सम्भावनाले उपेन्द्र थप दबाबमा छन् । यही कारण उनले पछिल्लो समय मधेशका आठै जिल्लामा निरन्तर विरोध प्रदर्शनसमेत गराएका थिए । जसपा–लोसपा एकीकरण मुख्यतः नेताहरूको व्यक्तिगत राजनीतिक सुरक्षा र प्रभाव जोगाउने उद्देश्यबाट प्रेरित रहेको कतिपयको तर्क छ । यद्यपि सार्वजनिक रूपमा भने संघीयता र मधेशका मुद्दामाथि भइरहेको प्रहारको प्रतिवाद गर्न एकता आवश्यक भएको दाबी दुवै दलका नेताहरूले गर्दै आएका छन् ।एक महिना अघिदेखि नै एकताको तयारी भए पनि लोसपाभित्रकै केही नेताको असहमतिका कारण घोषणा रोकिएको थियो । मधेश प्रदेशमा लोसपाका जितेन्द्र सोनललाई मुख्यमन्त्री बनाउने क्रममा उपेन्द्र यादवले दिएको समर्थनपछि दुई नेताबीच सम्बन्ध झनै नजिकिएको बताइन्छ । अन्ततः पुस १३ गते राति पार्टी एकताको औपचारिक घोषणा गरिएको हो । एकता घोषणा भए पनि दुवै दलले समानुपातिकतर्फ निर्वाचन आयोगमा छुट्टाछुट्टै बन्दसूची बुझाएका छन् । समयसीमा बाँकी रहेकाले पछि संशोधन गर्ने तयारी रहेको बताइएको छ ।

**अन्य मधेश केन्द्रित दलमा त्रास कायमै**
राजेन्द्र महतो, अशोक राई र रेशम चौधरी नेतृत्वका दलहरूले अलग्गै गठबन्धन बनाएर चुनाव लड्ने तयारी गरे पनि पछिल्ला घटनाक्रमले उनीहरू कमजोर बन्दै गएको संकेत गर्छ । अशोक राई नेतृत्वको जसपाबाट ठूलो संख्यामा नेताहरू उपेन्द्र यादवतर्फ फर्किनु र नागरिक उन्मुक्ति पार्टीको नेकपासँग एकता हुनु यसको उदाहरण हो ।

यसैबीच, सिके राउत नेतृत्वको जनमत पार्टी भने अहिलेसम्म एक्लै अघि बढिरहेको छ । तर सप्तरी–२ मा पार्टीभित्रकै असन्तुष्ट नेता र नयाँ दलबाट चुनौती बढ्दै गएकाले राउतको अवस्था पनि सहज देखिँदैन ।

संघीय लोकतान्त्रिक मोर्चाको आगामी बैठकले प्रतिनिधिसभा र राष्ट्रियसभा निर्वाचनमा सहकार्य, तालमेल र प्रतिस्पर्धाका विषयमा निर्णायक दिशा दिने अपेक्षा गरिएको छ ।

# 'तीन तारे' नमुना विद्यालय बनाउन पूर्वाधार निर्माण गरिँदै

**सिरहा ।**
खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधायुक्त मापदण्ड पुरा गरी यहाँको गोलबजार नगरपालिका–८ स्थित जनता नमूना माध्यमिक विद्यालयलाई 'तीन तारे' नमूना विद्यालय बनाउने लक्ष्यसहित पूर्वाधार विकास गर्न थालिएको छ ।
गोलबजार नगरपालिका, वेल्थ हङ्गर हिल्फे र सबल नेपालको संयुक्त साझेदारीमा विद्यालयमा अपाङ्गमैत्री शौचालय, बालमैत्री खानेपानी, साबुन पानीसहितको हातधुने सुविधा निर्माण तथा विस्तार गरिएको हो ।
विद्यालयलाई सुरक्षित, स्वच्छ र विद्यार्थीमैत्री बनाउने उद्देश्यसहित सञ्चालन गरिएको यस परियोजनामा 'वेल्थ हङ्ग हिल्फ'को आर्थिक सहयोगमा परियोजनातर्फबाट रु १४ लाख ६७ हजार र विद्यालयतर्फबाट १९ लाख ६६ हजार गरी कूल ३४ लाख रुपैयाँ भन्दा बढी लगानी गरिएको छ ।
खानेपानी, सरसफाइ तथा स्वच्छताका न्यूनतम मापदण्ड पूरा गर्दै हाल विद्यालयलाई दुई तारे नमूना विद्यालय घोषणा गरिएको छभने भविष्यमा तीन तारे विद्यालय बनाउने लक्ष्य लिइएको छ । तीन तारे विद्यालयका लागि खानेपानी, शौचालय, सफा र हरियाली वातावरण, महिनावारी स्वच्छता व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहितालगायतका १० वटा निश्चित सूचक पूरा गर्नुपर्ने व्यवस्था छ ।
विद्यालयका प्रधानाध्यापक ब्रहमदेवप्रसाद सिंहले कार्यक्रमको प्रभाव विद्यालयको शैक्षिक तथा भौतिक वातावरणमा स्पष्ट देखिएको बताउँदै भने, 'सबल नेपालको सहकार्यपछि विद्यालयको वातावरण पूर्णरूपमा परिवर्तन भएको छ ।
सरसफाइ मात्र होइन, विद्यार्थीको बानी–व्यवहार, अनुशासन र स्वच्छताप्रतिको चेतनामासमेत उल्लेखनीय सुधार आएको छ । अब विद्यालय परिवारको साझा लक्ष्य तीन तारे नमुना विद्यालय बन्ने हो ।'
विद्यालयमा हाल एक हजार १ सय ५५ विद्यार्थी अध्ययनरत छन् भने ४८ शिक्षक तथा कर्मचारी कार्यरत छन् ।

# दाउरा वितरण गर्दै नेपाली सेना

**राकेश यादव**
**रौतहट ।**
गौर नगरपालिका वडा नम्बर ८ मा रहेको नेपाली सेनाको नारायण दल गुल्मले चिसो छल्नको लागि ठाउँठाउँमा दाउराको व्यवस्थापन गरेको छ ।
पुस ४ गतेदेखि बढेको चिसोले जनजीवन प्रभावित बनेको बेला नेपाली सेनाले सर्व साधारणलाइ चिसोबाट राहत पाउने उदेश्यले चन्द्रपुर नगरपालिका र गौर नगरपालिकाको सार्वजनिक स्थलमा दाउराको व्यवस्थापन गरेको हो ।
नारायण दल गुल्मबाट लेफ्टिनेन्ट आशिष पौडेलको कमान्डमा गएका नेपाली सेनाको टोलीले चन्द्रपुर नगरपालिकाको २ ठाउँ, गौरको घन्टाघर चोक, राजदेवी नगरपालिकाको हजमिनिया र दुर्गा भगवती गाउँपालिकाको २ वटा वडामा आगो ताप्र दाउरा व्यवस्था गरिएको नारायण दल गुल्म पुरेन्वाका गुल्मपति प्रमुख सेनानी विश्वास विष्टले जानकारी दिएका छन् ।
दिनप्रतिदिन बढ्दै गएको चिसो शीतलहरले गर्दा आम नागरिक प्रभावित बन्दै गएको अवस्थामा नेपाली सेनाले आफ्नो तर्फबाट नगरपालिकाको सहकार्यमा ठाउँठाउँमा तत्काल राहत पुग्ने उद्देश्यले दाउरा वितरण गरिएको सेनानी विष्टले बताए । नेपाली जनताको विपदको समयमा जीवन रक्षाका लागि नेपाली सेना साथ र सहयोग गर्न तत्पर रहेको सन्देश दिने लक्ष्यअनुरुप मानवीय सहयोगको कार्य गर्ने गरेको उनको भनाइ छ ।
शीतलहरको कारण रौतहटको विद्यालयहरुसमेत बन्द गरिएको छ भने पछिया हावाको कारण शीतलहरको प्रकोप बढ्दै गएको छ । नेपाली सेनाले गरेको यो कार्यको लागि स्थानीयले खुशी व्यक्त गरेका छन् भने बाँकी स्थानीय तहमा पनि दाउरा वितरण गर्ने योजना रहेको प्रमुख सेनानी विष्टले जनाए ।

# आमसञ्चार प्रवर्द्धन तथा नियमन समितिमा नेपाल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको 'आमसञ्चार प्रवद्र्धन तथा नियमन समिति'को संयोजकमा पत्रकार शत्रुघ्न नेपाल नियुक्त भएका छन् ।
महानगर प्रमुख राजेशमान सिंहले नेपाललाई जिम्मेवारी सुम्पिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरे । महानगरकाअनुसार लामो समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय नेपालको अनुभव, निष्ठा र व्यावसायिकतालाई कदर गर्दै उनलाई जिम्मेवारी प्रदान गरिएको हो । समितिको मुख्य दायित्व महानगर र सञ्चारमाध्यमबीचको सम्बन्ध व्यवस्थापन, सूचनाप्रवाहको प्रभावकारिता तथा आमसञ्चार क्षेत्रको नियमनसँग सम्बन्धितविषयमा सुझाव दिने रहेको छ । अनुभवी र सबै पक्षसँग समन्वय गर्नसक्ने व्यक्तिकै आवश्यकता भएकाले नेपाललाई संयोजक बनाइएको महानगर प्रमुख सिंहले बताए ।

# पेट्रोल र डिजेलको मूल्य घट्यो

**काठमाडौँ ।**
नेपाल आयल निगमले पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य घटाएको छ ।
इन्डियन आयल कर्पोरेशनले पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ १९ पैसा, डिजेलमा पाँच रुपैयाँ छ पैसा र हवाई इन्धनमा प्रतिलिटर आठ रुपैयाँ १५ पैसा घटाएको छ ।
एलपी ग्यासको खरिद मूल्य प्रतिसिलिन्डर १०० रुपैयाँ ३५ पैसाले बढेर आएको छ ।
सेहीअनुसार निगम सञ्चालक समितिले खुद्रा बिक्री मूल्य समायोजन गरेको छ । नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर चार रुपैयाँ, डिजेल–मट्टितेल प्रतिलिटर पाँच रुपैयाँले घटाइएको छ । आन्तरिक हवाई इन्धनमा प्रतिलिटर छ रुपैयाँ र अन्तरराष्ट्रिय उडानतर्फ काठमाडौँका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ४२ ले मूल्य घटाइएको छ । नयाँ मूल्य बिहीबार बिहानदेखि लागू हुनेछ । एलपी ग्यासको खरिद मूल्य बढे पनि उपभोक्ताको हितलाई ध्यानमा राख्दै ग्यासको खुद्रा बिक्री मूल्य यथावत राखिएको निगमले जनाएको छ ।
निगमका अनुसार डिपो वा कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलको नयाँ मूल्य पहिलो वर्गमा प्रतिलिटर १५६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५८ रुपैयाँ र तेस्रो वर्गमा १५९ रुपैयाँ कायम गरिएको छ । यस्तै, डिजेल– मट्टितेलको मूल्य क्रमशः १३४ रुपैयाँ ५० पैसा, १३६ रुपैयाँ र १३७ रुपैयाँ प्रतिलिटर तोकिएको छ । पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज पर्दछ । दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गमा काठमाडौँ, पोखरा र दिपायल समेटिएका छन् ।

# बागमती मन्त्रिपरिषद बैठकः दुई समिति गठन आदेश पारित

**मकवानपुर ।**
बागमती प्रदेश मन्त्रिपरिषद्को बिहीबार अपरान्ह बसेको बैठकले दुई वटा समिति गठन आदेशलाई पारित गरेको छ । बैठकले पारित गरेको समिति गठन आदेश मध्ये नव बुद्धपार्क क्षेत्र विकास समिति र त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति रहेको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बताए ।
बैठकले प्रदेशभित्र सञ्चालनमा रहेको सवारी साधनको केही दस्तुर, कर र जरिवाना छुट दिने निर्णय गरेको छ । बैठकले प्रदेशमा विपन्न नागरिक आकस्मिक उपचार सेवाका लागि रक्तसञ्चार सञ्चालनसम्बन्धी कार्यविधि पारित गरेको प्रवक्ता तामाङले जानकारी दिए ।
साथै बैठकबाट रामेछाप जिल्लाको सुनापारी गाउँपालिका–४ को वडा विभाजनसम्बन्धी प्रस्तावलाई पनि स्वीकृति प्रदान गरेको छ । यसैगरी बागमती प्रदेशको मन्त्रिपरिषद् कार्यालयमा जीवराज बस्याल र गीता हुमागाईलाई सचिव पदमा पदस्थापन गर्ने निर्णय गरेको छ । बैठकले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष प्रभात अधिकारी तथा सदस्यद्वय यतिराज सापकोटा र यज्ञराज दाहालले दिनुभएको राजीनामा स्वीकृत गरिएको सरकारका प्रवक्ता तामाङले जानकारी दिए ।

# प्रेस स्वतन्त्रता सेनानी झालाई पितृशोक

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासङ्घ सप्तरीका पूर्व सभापति एवम् प्रेस स्वतन्त्रता सेनानी पत्रकार वैद्यनाथ झालाई मातृशोक परेको छ ।
सप्तरीको राजविराज ७ निवासी झाकी ९५ वर्षीया आमा चन्द्रादेवी झाको मङ्गलबार साँझ ५:३० बजे निधन भएको हो । चन्द्रादेवीको आफ्नै निवासमा निधन भएको पत्रकार झाको परिवारले जनाएको छ । स्वर्गीय झाको बुधबार जातीय परम्परा अनुसार अन्त्येष्टि गरिने बताइएको छ । स्वर्गीय झाका एक छोरा र पाँच छोरी हुनुहुन्छ ।

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यलय, बसपार्क ,वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुन:७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८१/१०/२३ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/१२/२० को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिने लिलाम तथा दोस्रो पटक मिति २०८२/०९/०२ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०९/२४ गते बिहिवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विरगंज, पर्सामा मिति २०७१/०१/२४ गते प्रा.फ.र.नं.३२२०२/०७०/०७१ दर्ता भै,सखुवा प्रसौनी गा.पा.,महुवन वडा नं. ०५ पर्सा कार्यालय रहेको **महाविर ट्रेड कन्सर्न (प्रोप्राइटर - राज कपुर साह तेली)** ।

**कर्जाको प्रकार:-व्यवसायीक अधिविकर्ष कर्जा , व्यवसायीक डिमान्ड कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४-०१-७६-१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३५ को रुमा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०६ स्थित किता नं १५४ र १५५ को जम्मा क्षेत्रफल क्रमश: ०-४-०-० र ०-४-०-० को घर जग्गाहरु ।

ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने ( ना.प्र.न. ५०९४०१८१ ,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को जयगोविन्द सा तेलीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०३ स्थित किता नं ५६ को जम्मा क्षेत्रफल ०-१-६-० को घर जग्गा ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क)जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४०१७६१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३६ को **रुमा देवी साह** ।

ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने ( ना.प्र.न. ५०९४०१८१,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को **जयगोविन्द सा तेली** ।

ग)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गाविस महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनिगा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ५७९६१७३४, जारी मिति २०५९/११/२०, पर्सा) बर्ष ३९ को **राज कपुर साह (तेली)**।

घ)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गा.वि.स. महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनि गा.पा. वडा नं. ०५, बस्ने(ना.प्र.न. ५७९४१६७१ ,जारी मिति २०५८/०५/२१, पर्सा) बर्ष ४१ को **अनिल कुमार साह** ।

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० ( नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्तीअनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ पुस २३ गते बुधबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ पुस २४ गते बिहिबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ,बदननगर (बिरगंज)
बरहथवा (सर्लाही) , बर्दिबास (महोतरी) ।

## माइग्रेसन प्रमाण-पत्र हराएको सूचना

यही मिति २०८२।०७।२० गतेको दिन घरबाट जनकपुरधाम जाने क्रममा बाटोमै मेरो निम्न व्यहोरा भएको माईग्रेसन प्रमाण-पत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरी सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछु।
नाम : अभिषेक अधिकारी
ठेगाना : कमला न.पा.-२
विद्यालय : मोडेल सेकेण्ड्री स्कुल, जनकपुरधाम
रजिष्ट्रेशन नं. ७६१७१११३८
माईग्रेसन सि.नं. ४२३७३७
सम्पर्क नं.- ९८१५८१११५८

# जनकपुरधामका विद्यालयमा जाडो बिदा थप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बाक्लो हुस्सु र शीतलहरका कारण मौसममा अपेक्षित सुधार नआएपछि जनकपुरधाम उपमहानगरपालिकाले विद्यालयहरूमा जाडो बिदा थप गर्ने निर्णय गरेको छ । उपमहानगरपालिकाले पुनः सूचना जारी गर्दै पुस १७ र १८ गते विद्यालयको पठनपाठन बन्द रहने जनाएको हो ।
नगर कार्यपालिकाको कार्यालय, जनकपुरधामद्वारा जारी सूचनाअनुसार उक्त अवधिमा प्रशासनिक कार्य बाहेक सम्पूर्ण शैक्षिक गतिविधि स्थगित गरिनेछ । थप गरिएको बिदा जाडो बिदाबाट कट्टा हुने उपमहानगरपालिकाले स्पष्ट पारेको छ ।
लगातारको चिसो, बाक्लो कुहिरो र शीतलहरका कारण विशेषगरी बालबालिकाको स्वास्थ्यमा जोखिम बढ्दै गएको भन्दै सावधानीस्वरूप बिदा थप गर्नुपरेको जनकपुरधाम उपमहानगरपालिकाले जनाएको छ ।

# अत्याधिक चिसोका कारण वृद्धको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
केही दिनयता तराई–मधेश क्षेत्रमा बढ्दै गएको अत्यधिक चिसो र शीतलहरका कारण सिरहामा एक जना वृद्धको मृत्यु भएको छ । गोलबजार नगरपालिका–८ का ६० वर्षीय शिवदयाल सदायको चिसोले कठ्याङ्ग्रिएर ज्यान गएको हो । परिवारका अनुसार लामो समयदेखि मधुमेह र दम रोगबाट पीडित सदायको बुधबार बिहान आफ्नै घरमा मृत्यु भएको हो ।
उनकी श्रीमती फेकनी देवी सदायले चिसो बढेसँगै स्वास्थ्य अवस्था थप जटिल बन्दै गएको र बिहान अचेत अवस्थामा भेटिएपछि उनको मृत्यु भएको जानकारी दिइन् ।
स्थानीय जनप्रतिनिधिहरूका अनुसार सदाय विपन्न परिवारका सदस्य थिए । घरमा न्यानो कपडा, सिरक तथा जाडो छल्ने आवश्यक व्यवस्था नहुँदा उनी चिसो सहन नसकी ज्यान गुमाउन पुगेको वडा सदस्य तनुकलाल महतोले बताए ।
'आर्थिक अवस्था कमजोर भएकाले न्यूनतम न्यानोको व्यवस्था समेत गर्न सक्ने अवस्था थिएन,' उनले भने ।
मृत्युपछि सदायको अन्तिम संस्कारका लागि समेत परिवारलाई कठिनाइ परेको थियो । आर्थिक अभावका कारण शव दाहसंस्कारका लागि आवश्यक दाउरा जुटाउन नसकेपछि नेपाली सेनाले दाउरा सहयोग गरेको स्थानीय प्रशासनले जनाएको छ । सेनाको सहयोगपछि अन्तिम संस्कार सम्पन्न गरिएको बताइएको छ ।
केही दिनदेखि तराई–मधेश क्षेत्रमा बाक्लो कुहिरो, शीतलहर र चिसो हावाका कारण जनजीवन अत्यन्त कष्टकर बन्दै गएको छ । चिसो बढेसँगै विपन्न, दलित तथा सुकुम्बासी बस्तीहरूमा न्यानो कपडा, सिरक र आगो ताप्ने दाउराको अभाव देखिन थालेको छ ।
स्थानीयवासी तथा सामाजिक अभियन्ताहरूले शीतलहरको समयमा विपन्न वर्गलाई लक्षित राहत कार्यक्रम तत्काल शुरु गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । मौसम अझै केही दिन चिसो रहने पूर्वानुमान रहेकाले थप क्षति हुन नदिन सरकारी तथा गैरसरकारी निकाय समयमै सक्रिय हुनुपर्ने उनीहरूको भनाइ छ ।

# कालिकामाई युवा समाजमा नयाँ नेतृत्व

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिका स्थित कालिकामाई युवा समाजको दोस्रो वार्षिक साधारण सभा तथा नयाँ कार्य समिति चयन भएको छ ।
कालिकामाई युवा समाजको संस्थापक अध्यक्ष आकाश चौरसियाको अध्यक्षतामा भएको दोस्रो वार्षिक साधारण सभाबाट १३ सदस्य कार्य समिति र २१ सदस्य साधारण सभा सदस्य हुने गरी नयाँ कार्य समिति चयन गरिएको छ ।
नयाँ कार्य समितिको अध्यक्षमा संस्थापक अध्यक्षसमेत रहेका आकाश चौरसिया, वरिष्ठ उपाध्यक्षमा आकाश महतो, उपाध्यक्षमा भरत साह, महासचिवमा विशाल कुशवाहा, सचिवमा सुदिप चौरसिया, कोषाध्यक्षमा बुलट तिवारी र सदस्यमा सविर आलम, मोहन महतो, रमेश चौरसिया, साहजाद आलम, सुजित कुशवाहा, चन्द्रशेखर पटेल, विनय चौरसियालगायतका नयाँ कार्य समिति सर्वसम्मत चयन भएको छ ।
नयाँ कार्य समितिको अध्यक्षमा पुनः सर्वसम्मत चयन भएको आकाश चौरसियाले संस्थलाई अझ दृढ संकल्पका साथ सर्वोच्च शिखरमा पुर्याउन आफू सधैँ तत्पर रहने र सम्पूर्ण कार्यसमिति र साधारण सभा सदस्यको सल्लाह र सुझावलाई टेकेर अगी बढ्ने प्रतिबद्धता जनाएका छन् ।
साधारण सभाको निर्वाचन समितिमा बसी सहजीकरण गरिदिनु भएको निर्वाचनमा अधिकृत सुबोध कुमार चौरसिया, सदस्यहरू छठू साह, जयप्रकाश चौरसिया र तपसी साहलाई नयाँ कार्य समितिले टिका, खादा र सम्मान पत्र प्रदान गरी सम्मानित गरेको संस्थाको कोषाध्यक्ष बुलेट तिवारीले जानकारी गराए ।
युवा समाजको दोस्रो वार्षिक साधारण सभामको प्रमुख अतिथि वडा नं २ को वडा अध्यक्ष सोनालाल प्रसाद चौरसिया, वशिष्ठ अतिथि वडा नं १ को वडा अध्यक्ष लालबाबु प्रसाद चौरसिया, गैरसरकारी संघ महासंघ पर्साको अध्यक्ष छठु साह, नेरामाविको प्रअ शिक्षक इन्द्रदेव कुर्मी, सुकई साह माविका प्रअ सुबोध चौरसिया, कालिका कन्या आविका प्रअ तपसी साह, जनता माविका शिक्षक जयप्रकाश चौरसिया, वडा सदस्य सञ्जय शर्मा, इलाका प्रहरी कार्यालय कालिकामाईका असइ जगमोहन साह कानु, कालिकामाई युवा समाजको साधारण सभा सदस्यलगायत अन्य स्थानीय युवाको सहभागिता थियो ।

# चिसोमा चटाइ र घूरको भर

**महोत्तरी ।**
बाक्लो हुस्सुले डम्म ढाकेर निरन्तर पश्चिमी सिरेटो बहँदा बढेको जाडोले अहिले महोत्तरीसहित मधेशको जनजीवन कष्टकर भएको छ । गरिब बस्तीमा घूर तापेर चिसो धपाउने प्रयास जारी छ ।
पुस ३ गतेदेखि शीतलहर शुरु भएको महोत्तरीलगायत मधेशका अधिकांश ठाउँमा बढेको शीतलहरले जाडो बढ्दै गएपछि बस्तीमा जतातत्तै 'घूर'मा चारैतिर बसेर तातिएको महसुस लिनु गरिबहरूको नियति नै बनेको छ ।
'के गरौँ हजुर, अहिलेसम्म कसैले के खायौ ? के लायौ ? सोध्न आएनन्, कमसेकम दाउरासम्म पाए पनि रापिलो आगो त ताप्न पाइन्थ्यो,' लोहारपट्टी–४ लेउरीटोल मुसहरी बस्तीकी ५० वर्षीया श्रीवती सदा भन्छिन्, 'यही घूर तापेर जाडो काट्नु छ ।'
जिल्लामा खासगरी मुसहर, बाँतर, डोम, मेस्तर, हलखोर, दुसाध र चमारसहितका जाति समुदाय गरिबी, अशिक्षा र कुपोषणको सिकार बनेका छन् । प्रत्येक वर्ष जाडो लागेपछि यी बस्तीको बिचल्ली शुरु हुन्छ । न अन्न राख्ने कोठी न ओढ्ने, ओछ्याउने र जिउ ढाक्ने न्यानो लुगा । गुजुमुज्ज पराले छानाका यी बस्तीमा जाडो छल्ने यही पचपची धुवाँ निस्कने 'घूर' र ओढ्न–ओछ्याउन चटाइ (परालको लुइँठो बटारेर बनाइएको मोटो गुन्द्री, स्थानीय भाषामा यसलाई गोनर पनि भनिन्छ) को भर । 'भूइँमा पराल ओछ्यायो, माथि चटाइ ओढ्यो,' एकडारा–३ भटौलियाको मुसहर बस्तीका छठु सदा भन्छन्, 'राति जाडोले निद्रा नलाग्दा फेरि उही 'घूर' को सहारा ।'
रात काटन 'घूर' र 'चटाइ'को सहारा लिएका यी गरिब उज्यालो हुँदा पारिलो घामको आस गर्छन् । तर पछिल्ला करिब दुई सातायता राम्ररी घाम नदेखिँदा गरिब बस्तीको बिजोग झनै बढेको छ ।
'हजुर, हाम्रो ठण्डी (चिसो, जाडो) छल्ने यै (यही) सहारा हो,' लोहारपट्टी–४ खुट्टा उत्तरबारीटोलका मनु सदा भन्छन्, 'भगवान्को यस्तै खटन छ ।' यो लामो शीतलहरले सुत्न, बस्नमात्र नभएर गरिब बस्तीमा खानपिनको अभाव पनि बढ्दै गएको भङ्गाहा–५ कर्पुरगञ्जको बाँतरटोलका ६० वर्षीय रामजुलुम बाँतर बताउँछन् ।
'बनबुितो गरेर जीवन धान्नु पर्नेलाई यो शीतलहरले काममा निस्कन दिएको छैन, घरमा भएको अन्नपात सकिदै गएपछि अब भोकभोकै पर्ने दिन आउँदैछन्,' उनी भन्छन् ।
महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटै स्थानीय तहमा मुसहर जातिको बसोबास छ । सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक सूचाङ्कका दृष्टिले पिछडिएका मुसहरजस्तै बाँतर पनि हुन् । दुवै जातिको रीतिथिति र बसउठ समान नै देखिन्छ । तर जिल्लामा बाँतर भने भङ्गाहा नगरपालिका क्षेत्रमा मात्र छन् ।

# लागुऔषध र स्रोत नखुलेको रकमसहित पक्राउ परेका सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले प्रतिबन्धित लागुऔषध तथा स्रोत नखुलेको रकमसम्बन्धी अपराधमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषामा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरले घटनासम्बन्धी विवरण सार्वजनिक गरेका हुन् ।
प्रहरीका अनुसार मंसिर २३ गते बिहान जनकपुरधाम उपमहानगरपालिका–१६ स्थित हुलाकी सडक खण्डमा अशोक कुमार साहको मोटरसाइकल जाँचका क्रममा ६.११ मिलिग्राम ब्राउन सुगर फेला परेको थियो । प्रारम्भिक अनुसन्धानमा सुभाष यादव र पुनित कुमार यादवले अशोक कुमार साहलाई फसाउने नियतले लागुऔषध राखिदिएको खुलेको प्रहरीले जनाएको छ । घटनामा संलग्न अन्य व्यक्तिहरूलाई समेत पक्राउ गरिएको छ ।
घटनामा लागुऔषध नियन्त्रण ऐन, २०३३ अनुसार ७ देखि १० वर्षसम्म कैद र ५ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवानाको प्रावधान आकर्षित हुने प्रहरीले जानकारी दिएको छ ।
त्यसैगरी मधेश प्रदेश प्रहरी कार्यालय र धनुषा जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले पुष १४ गते रञ्जित कुमार साहको कोठाबाट स्रोत नखुलेको नगद १० लाख ३ हजार ८ सय ५ रुपैयाँ, तीन थान मोबाइल फोन, पैसा गन्ने मेसिन तथा एक थान स्कुटी बरामद गरेको थियो । बरामद सामग्रीका आधारमा वित्तीय अपराधको आशंकामा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।
प्रहरीका अनुसार उक्त घटनामा मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ अन्तर्गत हुण्डी कारोबारसम्बन्धी कानूनी प्रावधान लागू हुने देखिएको छ ।
पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक कुँवरले सर्वसाधारणलाई सचेत रहन आग्रह गर्दै रेमिट्यान्स वा अन्य वित्तीय कारोबार गर्दा अनावश्यक कागजात नदिने, साथै कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल प्रहरीलाई जानकारी दिन अनुरोध गरे । प्रहरीले दुवै घटनामा थप अनुसन्धान जारी रहेको र पक्राउ परेकालाई प्रचलित कानूनी प्रावधानअनुसार कारबाही गर्दै पीडितलाई क्षतिपूर्ति दिलाउने प्रक्रिया पनि अघि बढाइएको जनाएको छ ।

# सडकमै रात बिताउनेलाई क्लोथ बैंकद्वारा सिरक वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चिसो निरन्तर बढ्दै गएपछि जनकपुरधामका सडक पेटी तथा सार्वजनिक स्थानमा रात बिताउन बाध्य गरिब, असहाय र बेवारिसे व्यक्तिलाई लक्षित गर्दै क्लोथ बैंक नेपालले रात्रीकालीन सिरक वितरण अभियान शुरु गरेको छ । शीतलहरका कारण सडक जीवन बिताइरहेका नागरिकको स्वास्थ्यमा जोखिम बढेपछि तत्काल राहत उपलब्ध गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको हो ।
क्लोथ बैंक नेपालका अध्यक्ष डा. राजीव झाको नेतृत्वमा सञ्चालन गरिएको अभियानमा संस्थाका सचिव मनीष श्रीओम, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, नेपाल प्रहरीका डिआइजी गोविन्द थपलिया, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक



रुगम बहादुर कुँवर, क्लोथ बैंक कार्यालय सचिव कृष्णकुमार साह तथा प्रहरी नायब निरीक्षक रवि मण्डललगायतको सहभागिता रहेको थियो । टोलीले राति करिब ११ बजेसम्म जनकपुरधामका विभिन्न स्थानमा पुगेर सिरक वितरण गरेको थियो ।
टोलीले गंगासागर, राम मन्दिर, जानकी मन्दिर, बारबिघा, संकटमोचन मन्दिर, रेलवे स्टेशन, मिल्स एरियालगायतका स्थानमा पुगेर सडक पेटी र खुला स्थानमा रात बिताइरहेका व्यक्तिहरूलाई खोजी–खोजी सिरक वितरण गरेको थियो । चिसोका कारण अस्वस्थ अवस्थामा देखिएका गरिब, विपन्न र असहाय व्यक्तिहरूलाई प्राथमिकतामा राखेर सिरक प्रदान गरिएको आयोजकले जनाएको छ ।
क्लोथ बैंक नेपालका अध्यक्ष डा. झाले शीतलहरको समयमा सडकमा सुत्न बाध्य व्यक्तिहरू सबैभन्दा बढी जोखिममा पर्ने बताउँदै अभियान तत्कालीन राहतका रूपमा सञ्चालन गरिएको स्पष्ट पारे । 'शीतलहरका बेला सडक जीवन बिताउने नागरिक अत्यन्त जोखिममा हुन्छन् । न्यूनतम न्यानो उपलब्ध गराएर उनीहरूको स्वास्थ्य जोखिम कम गर्नु नै हाम्रो मुख्य उद्देश्य हो,' उनले भने । यसअघि रौनियार युवा मञ्चले क्लोथ बैंक नेपाललाई ५० थान फाइबर सिरक सहयोग गरेको थियो । नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष तथा क्लोथ बैंक नेपालका उपाध्यक्ष पुरन रौनियारको पहलमा प्राप्त उक्त सिरकमध्ये २५ थान जनकपुरधामका विभिन्न स्थानमा वितरण गरिएको हो । बाँकी सिरक आवश्यकता अनुसार अन्य क्षेत्रमा वितरण गरिने बताइएको छ ।
सिरक वितरण कार्यक्रम रौनियार सेवा समितिमा सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले शीतलहरबाट प्रभावित नागरिकका लागि यस्ता मानवीय अभियान अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै सामाजिक संस्थाहरूको सक्रियता प्रशंसनीय रहेको बताए ।

# मटिहानीको घरदैलो सेवा सम्पन्न

**मधेशदृष्टि**
**महोत्तरी ।**
पालिका तथा वडाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू जनताको घरदैलोमै पु¥याउने उद्देश्यले मटिहानी नगरपालिकाले सञ्चालन गरेको एकीकृत घुम्ती सेवा शिविर सम्पन्न भएको छ ।
समापन समारोहमा नगर प्रमुख हरि प्रसाद मण्डलले पालिका र वडाबाट प्रवाह हुने सेवालाई एकीकृत रूपमा जनतासमक्ष पु¥याउने उद्देश्यले सञ्चालन गरेको एकीकृत घुम्ती सेवा शिविरबाट जनगुनासो बुझ्न र सोही अनुसारको बिकासको कार्य गर्न हामीलाई सहयोग पुगेको साथै यस शिबिरबाट पालिकाको सेवा जनताको घरदैलोमा पुग्दा प्रफूल्लित भएको बताए ।
पुस ८ गते मटिहानी नगरपालिका वडा नं. १ सिरसियाबाट प्रारम्भ भई सेवा शिविर वडा नं.९ मा सम्पन्न भएको छ ।
९ दिनसम्म चलेको शिविरमा १ सय ६ जना ज्येष्ठ नागरिक परिचयपत्र वितरण, ३ जना अपाङ्गता परिचयपत्रका लागि दरखास्त संकलन, १ हजार ६ सय ३२ जनालाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण, २ हजार ३ सय १ जना किसानलाई तरकारीको मिनी किट वितरण, २ हजार ८ सय ४९ वटा पशुको निःशुल्क उपचार तथा औषधि वितरण, ६२ जनालाई वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्तालगायतका सम्पूर्ण सेवा, ८ सय ७१ जनालाई आयुर्वेद सेवा र ८८ जना ज्येष्ठ नागरिकको स्वास्थ्य बीमा गरी जम्मा ७ हजार ९ सय ९ सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको पालिकाले जनाएको छ ।

## सम्पादकीय

# कोही मन्त्रीको कुर्सीमा, कोही मन्त्री जेलमा

नेपाली कांग्रेस मधेश प्रदेश सभापति एवम् मधेश प्रदेशमा पछिल्लोपटक एक महिना भन्दा बढी मुख्यमन्त्रीको कार्यभार सम्हालिरहेका मुख्यमन्त्री कृष्णप्रसाद यादवले बिहीबार मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले सबै मन्त्रालयहरुमा मुखिया नियुक्त गरेर शपथ खुवाएका छन्।

अब मधेश सरकारको रफ्तार अघि बढ्ने अपेक्षा गरिएको छ । सानाठूला सात दलको सरकार हो यो, यसैले हरेक मन्त्रालयमा पुगेकाहरुले जनताको काम कसले बढी गर्ने भन्ने होडको बोर्ड राखेर अर्को चुनावलाई खर्च जोहो गर्ने पक्का छ।

यसमा मधेशी दलहरुको पनि संलग्नता छ । एमालेबाहेक लगभग सबै दलहरुलाई मन्त्रालयको ललिपप चटाउँदै यादवले आफ्नो कार्यकाल सफल पार्नु पर्नेछ । एमालेले भने सबै पदहरु गुमाउँदै प्रतिपक्षको कुर्सीमा बसेर यो सरकारको खबरदारी गर्नु पर्ने जिम्मेवारी छ । तर आफैँले विश्वासको मत दिएको र कांग्रेससँग अत्यन्त घनिष्ट सम्बन्ध भएकाले एमालेले गर्ने खबरदारीको गुणस्तरमा शंका छ । किनभने एमाले कांग्रेस कुनै पनि बेला मिल्न पर्ने केन्द्रको फरमान आउन सक्छ।

यता, मधेशको पर्सा जिल्ला बहुत भाग्यमानी थियो कुनैबेला । पर्साका चार प्रत्यक्ष सांसद जितेकामध्ये चारैजना मन्त्री हुन पाए । एउटाले दोहोर्याउन पाए भने । एउटै जिल्लाका ३ मन्त्री हुँदा पर्साको शान कम थिएन । तिनैमध्ये एक राजकुमार गुप्तालाई कारागारमै राखेर अनुसन्धान अघि बढाउन अदालतले आदेश बुधबार नै दिएको छ । राजनीतिमा जुनरुपमा राजकुमार गुप्ता उदाए, त्यसैगरी मौका पाउँदा उनी सुध्रन सकेनन् र अन्ततः अनुसन्धानका लागि पनि पुसको ठण्डीमा हिरासतको हावामा टाँगिनु पर्ने भएको छ । कोही मन्त्री भएर झण्डा हल्लाउँदै मन्त्रालय छिरेका दिन कोही हिरासतका लागि सिफारिस भएका छन् । सबैले बुझ्नुपर्छ, सत्ता अस्थायी हो, पुग्दा होस पुर्याउन जरुरी छ।

# बिपीको मेलमिलापको सान्दर्भिकता



धर्मेन्द्र झा

नेपाली राजनीति आज पनि अस्थिरता, अविश्वास र ध्रुवीकरणको चपेटामा छ । सत्ता–विपक्षबीचको टकराव, राजनीतिक दलहरूभित्रकै आन्तरिक विवाद र समाजमा बढ्दो असहिष्णुताले राष्ट्रिय एकता र लोकतान्त्रिक अभ्यासलाई चुनौती दिइरहेको छ । यही सन्दर्भमा नेपाली कांग्रेसका संस्थापक नेता तथा प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले अघि सारेको मेलमिलापको नीति आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ । बिपी कोइराला आठ वर्षको भारत निर्वासनपछि स्वदेश फर्कनुभएको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रुपमा मनाउँदै आएको छ।

भारतबाट नेपाल फर्कनु पनि बिपीको रणनीतिगत योजना थियो र त्यो अपरिहार्य थियो भन्नेहरुको मत पनि बलियो छ । त्यति बेलाको राष्ट्रिय राजनीतिको आवश्यकता बोध गरेर बिपीबाट लिइएको एक अनिवार्य तर परिपक्व निर्णय थियो, नेपाल आगमन । जे होस्, यो वहसको फरक विषय हो । इतिहाससँग जोडिएको यस विषयका सम्बन्धमा भविष्यले अनेकथरि धारणा तय गर्ने सम्भावनाहरु जीवित नै रहन्छन् । तर मेलमिलापको औचित्य स्वीकार गर्दै बिपी नेपाल फर्कनु भएपछि नेपालको आन्तरिक राजनीतिले नयाँ धार र दिशा लिएको भने पक्कै हो । यसमा दुई मत हुन सक्दैन । सन् १९६८ मा भारत गएका बिपी ३० डिसेम्बर १९७६ का दिन स्वदेश फर्किनुभएको थियो। बिपी स्वदेश फर्किंदै गर्दा घोषणा गरेको राष्ट्रिय मेलमिलापको नीति तत्कालीन पञ्चायती व्यवस्थासँगको सैद्धान्तिक सहकार्य होइन, बरु राष्ट्र र लोकतन्त्र बचाउने दूरदर्शी राजनीतिक सोच थियो । बिपी नेपालबाट जाँदा र फर्कंदाको बीचमा स्थानीय राजनीतिक परिदृश्यमा निकै फरकपन आइसकेको थियो । बिपीले सधैँ लोकतन्त्र, मानवअधिकार र राष्ट्रिय स्वाधीनतालाई मेलमिलापको केन्द्रमा राख्नुभएको थियो । उहाँको विश्वास थियो, ‘राष्ट्र कमजोर भयो भने लोकतन्त्र टिक्दैन र लोकतन्त्र बिना नागरिक स्वतन्त्रता सम्भव हुँदैन।’

उहाँ जहिले पनि राजनीतिक द्वन्द्वको अन्त्य संवाद, सहअस्तित्व र सहमतिबाट मात्र सम्भव हुन्छ भनने गर्नुहुन्थ्यो । मेलमिलाप भनेको अन्यायसँग सम्झौता होइन, बरु राष्ट्रिय हितका सवालमा सबै शक्तिलाई एउटै मञ्चमा ल्याउने प्रयास हो भन्ने उहाँको दृढ विश्वास थियो । राजा महेन्द्र, जसले नेपालमा वामपन्थ बढ्न सहयोग गरे भन्ने मानिन्छ, को अवसान भइसकेको थियो । राजाका रुपमा बेलायतमा उच्च अध्ययन गरेका वीरेन्द्र अवतरित भएका थिए। चीनको परिवर्तित राजनीतिक अवस्थाको प्रभाव नेपालमा परेको थियो । बङ्गलादेशको स्थापना र भारतमा सिक्किम विलयको प्रभावबाट पनि नेपाल अछुतो थिएन । यसै विषयलाई लिएर नेपालमा विद्यार्थी आन्दोलन पनि चर्केको थियो । नेपाली कांग्रेसले विगतमा प्रारम्भ गरेको सशस्त्र सङ्घर्षको औचित्यमाथि कांग्रेसभित्रै प्रश्नचिह्न उठाइरहिएको थियो । विश्व असंग्लग्न आन्दोलनमा सहभागी भएर नेपाली राजतन्त्रले आफ्नो औचित्य प्रमाणितको प्रयास गरिरहेको थियो । यस्तो परिस्थितिमा बिपीको नेपाल आगमन भएको थियो, जसले तात्विकरुपमा निकै अर्थ राख्दथ्यो।

बिपीको नेपाल आगमनको सन्दर्भलाई आजको अवस्थामा नयाँ ढङ्गले विश्लेषण गरिनु आवश्यक छ । माथि उल्लेखित पृष्ठभूमिका केही कारक अवस्था हुन्, जसको विश्लेषण गरिनु जरुरी छ र यसै आलोकमा बिपीको नेपाल आगमन र राष्ट्रिय मेलमिलापको नीतिलाई बुझ्नु जरुरी छ । अर्को कुरा, बिपीको अनुपस्थितिमा नेपाली राजनीतिले एक नयाँ ‘कोर्स’ लिने प्रयास त गरिरहेको थियो नै सँगै निर्वासित भूमिमा रहेका सम्बद्ध जिम्मेबारसँग पनि उनको दूरी बढिरहेको आकलन त्यसबेला गरिएको थियो । जवाहरलाल नेहरु पुत्री इन्दिरा गान्धी सन् १९७५ को इमरजेन्सीमार्फत निकै शक्तिशाली बनको चर्चा त्यसबेला थियो । विमान अपहरणको आरोपमा केही व्यक्तिलाई भारत सरकारले पक्राउ गरेको भनिएको थियो । यस्तो अवस्थामा सायद बिपीलाई भारतमा रहिरहँदा आफ्नो राजनीतिमा बाह्य निगरानी र नियन्त्रण बढ्न सक्ने सम्भावनाले पनि गाँजेको हुन सक्छ र नेपाल फर्केर कमजोर बन्दै गइरहेको प्रजातान्त्रिक आन्दोलनलाई नयाँ ढङ्गले उचाइमा पुर्‍याउनु जरुरी थियो।

बिपी नेपालका पूर्वप्रधानमन्त्री हुनुहुन्थ्यो । नेपाली कांग्रेसका सभापति हुनुहुन्थ्यो । यसर्थ उहाँको नेपाल आगमनलाई किन अस्वभाविक मान्ने भन्ने प्रश्न गर्न सकिन्छ तर नेपालको आन्तरिक राजनीतिक कारणले निर्वासनमा रहेकाले बिपीले नेपाल आगमन हेतु त्यही समय किन रोज्नुभयो भन्ने प्रश्न महत्वपूर्ण छ । यस सन्दर्भमा माथिका आधारमा विश्लेषण गर्ने हो भने नेपाल आगमनको त्यो समयलाई बिपीले रणनीतिक रुपमा प्रयोग गरेको रुपमा बुझ्न सकिन्छ । मेलमिलापको आवश्यकतालाई केलाउँदा राजनीतिक स्थायित्वका लागि मेलमिलाप अपरिहार्य छ । सहमति र सहकार्य बिना दीर्घकालीन नीति निर्माण सम्भव छैन।

लोकतन्त्र सुदृढीकरणका लागि सहिष्णुता र संवादको संस्कृति विकास गर्नुपर्छ । बिपीले भनेझैँ, लोकतन्त्र बहुमतको दम्भ होइन, अल्पमतको सम्मान हो । सामाजिक सद्भावका लागि वर्ग, जात, क्षेत्र र विचारका आधारमा बढ्दै गएको दूरी कम गर्न मेलमिलाप महत्वपूर्ण माध्यम बन्न सक्छ।

त्यसबेलामा राष्ट्रिय राजनीतिका सन्दर्भमा सम्भवतः बिपीका सामु तीन चार अवस्था विश्लेषणयोग्य थिए।

पहिलो, राजा महेन्द्रको अवसान भई राजा वीरेन्द्रको उदय भइसकेको थियो, जो तुलनात्मकरुपमा प्रजातन्त्रमा विश्वास गर्छन् भन्ने मानिन्थ्यो । अतः हिजोको राजासँगको व्यक्तित्वको लडाई अन्त्य गरेर नयाँ राजासँग सम्बन्ध सुधार गरी नेपालमा प्रजातन्त्रको सङ्घर्षको नयाँ अध्याय प्रारम्भ गर्न सकिन्छ भन्ने बिपीको बुझाइ हुन सक्छ । उहाँको मेलमिलाप नीतिको विश्लेषण गर्ने हो भने यो राजा लक्षित थियो भन्न सकिने आधारहरु प्रशस्त छन् । उहाँले राष्ट्रियता संरक्षणको कुरा उठाउँदै राजाको घाँटी र आफ्नो घाँटी जोडिएको उल्लेख गरेबाट पनि बिपीको रणनीतिक सोचको विश्लेषण गर्न सकिन्छ।

दोस्रो, आफ्नो अनुपस्थितिमा रिक्त स्थानमा टाउको उठाउन थालेको वामपन्थी प्रभावलाई रोक्नु जरुरी रहेको बिपीको बुझाइ हुनसक्छ । प्रजातान्त्रिक आन्दोलन कमजोर हुँदा वामपन्थी आन्दोलन फस्टाउन सक्थ्यो र शीतयुद्धकालीन विश्वमा नेपाल कुनै खास खेमामा आबद्ध हुन सक्थ्यो।

तेस्रो, मूलधारबाट धेरै समय टाढा रहँदा राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव कमजोर हुन सक्थ्यो र नेपाली कांग्रेसमाथिको आफ्नो नियन्त्रण र प्रभाव नै पनि समस्यामा पर्न सक्थ्यो । र चौथो, नेपालमा बढ्दो आन्तरिक कट्टरवादी प्रभाव र विदेशी स्वार्थलाई रोक्नु जरुरी थियो । सम्भवतः यी यस्ता आधार थिए जसले बिपीलाई त्यही समयमा नेपाल फर्कन प्रेरित गरेको हुन सक्छ । । तर जे होस तात्कालीन राष्ट्रिय राजनीतिमा बिपीको मेलमिलाप नीतिको सकारात्मक प्रभाव परेको थियो, यसमा विमति हुन सक्दैन । सबैभन्दा महत्वपूर्ण कुरा बिपी स्वदेश फर्कनु भएपछि आमजनतामा नयाँ आशाको सञ्चार भएको थियो भने कांग्रेसले नै पनि नयाँ रुप प्राप्त गर्ने प्रयासको प्रारम्भ भएको थियो।

आज नेपालमा राजतन्त्र छैन । वामपन्थी आन्दोलन पनि हिजोको अवस्थामा छैन । कांग्रेसले पनि नयाँ उचाइ र कलेवर प्राप्त गरेको छ । कांग्रेसको नेतृत्व कोइराला परिवारभन्दा बाहिर गएको छ । विश्वमा रहेको असंग्लगन आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन । यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति, आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा, को औचित्य छ ? यसको जवाफ हो, छ । बरु हिजोको दिनभन्दा आज यो नीति अझै सान्दर्भिक र महत्वपूर्ण ठहरिएको छ । हाल देशले विभिन्न नाममा राजनीतिक निकास नपाइरहेको अवस्थामा यो नीतिको उपयोगले सार्थक परिणाम सिर्जना गर्न सक्छ ।

देश आज सङ्घीयतामा गएको छ । नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ । हिजोका भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ । भूराजनीतिक अवस्था संवेदनशील छ । यस्तो अवस्थामा शायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ । यस्तोमा मेलमिलापको सान्दर्भिकता बढेर गएको कुरामा दुई मत हुन सक्दैन । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको झण्डै दुई दशक पुग्न लाग्दा पनि नेपालले राजनीतिक स्थायित्व पाउन सकेको छैन । सरकार गठन–विघटन, दलगत स्वार्थ, विचारभन्दा सत्ताको प्रतिस्पर्धा र सामाजिक सञ्जालमार्फत फैलिने घृणा भाषणले समाजलाई थप विभाजित बनाइरहेको छ । यस्तो अवस्थामा बिपीको मेलमिलापको भावना अझ सान्दर्भिक देखिन्छ । राष्ट्रिय एकताका लागि विभाजनकारी राजनीति त्यागेर साझा राष्ट्रिय एजेन्डामा सहमति खोज्नु आजको आवश्यकता हो । बिपी कोइरालाको मेलमिलापको नीति इतिहासको एउटा अध्याय मात्र होइन, वर्तमान र भविष्यका लागि मार्गदर्शन हो । बढ्दो राजनीतिक र सामाजिक चुनौतीका बीच बिपीको विचार आत्मसात् गर्दै संवाद, सहिष्णुता र सहकार्यको बाटो अवलम्बन गर्नसके मात्र नेपालले स्थायित्व र समृद्धिको लक्ष्य हासिल गर्न सक्छ । रासस

## गर्भावस्था र सुत्केरीमा मानसिक स्वास्थ्य:

# बेवास्ताले बढ्दै जोखिम



बुनु थारु

गर्भावस्था र सुत्केरी अवस्था महिलाका लागि जीवनको सबैभन्दा संवेदनशील चरणमध्ये एक हो । तर स्वास्थ्य सेवामा अझै पनि शारीरिक पक्षलाई मात्र प्राथमिकता दिइँदा यससँग जोडिएको मानसिक स्वास्थ्य भने ओझेलमा पर्दै आएको छ।

सामाजिक धारणा, स्रोतसाधनको अभाव र जानकारीको कमीका कारण गर्भवती तथा सुत्केरीले भोग्ने तनाव, एन्जाइटी र डिप्रेसन जस्ता समस्या समयमै पहिचान हुन सकेका छैनन् । यसको असर आमा मात्र होइन, बच्चा र समग्र परिवारमा समेत पर्न थालेको छ।

एक ३४ वर्षीया महिलाको दुईपटक गर्भपतन भइसकेको थियो । यही कारण यसपटकको गर्भावस्थामा उहाँ अत्यन्तै मानसिक दबाबमा हुनुहुन्थ्यो । ‘अहिले त जसरी पनि बच्चा हुनैपर्छ’ भन्ने सोचले उहाँलाई निरन्तर सताइरहेको थियो । उमेर ढल्किँदै गएको, करिअरमा ढिलाइ हुने डर र गर्भावस्थापछि जागिर के हुन्छ भन्ने चिन्ताले उहाँमा एन्जाइटी बढायो । अहिले उहाँ परामर्शपश्चात् सामान्य अवस्थामा फर्किनुभएको छ।

साथै अर्की २९ वर्षे महिलाको समस्या पनि उस्तै छ । उहाँले बच्चा जन्माइसकेपछि डिप्रेसनको सामना गर्नुभयो । आर्थिक अभाव, श्रीमान्को अस्थिर व्यवहार, घरमा पहिले नै अन्य बच्चाको जिम्मेवारी र अन्तरजातीय विवाहका कारण परिवारबाट अस्वीकृतिले उहाँको मानसिक अवस्था झन् कमजोर बनायो । पोस्टपार्टम अवधिमा उहाँलाई पटकपटक आत्महत्याका विचार आउन थाले । उपचार नपाएको भए अवस्था अझ खतरनाक हुन सक्थ्यो । अन्ततः उहाँमा एन्टी–डिप्रेसनको समस्या देखियो।

२३ वर्षीया सुत्केरीमा भने फरक केही समस्या देखियो । बच्चाको हेरचाह गर्न मन नलाग्ने, कहिलेकाहीँ बच्चालाई क्षति पुर्‍याउने सोचसमेत आउने गरेको थियो । श्रीमान्ले ‘बच्चा नहेरेको’ भन्दै कुटपिटसमेत गर्थे । वैवाहिक सम्बन्ध नै धरमराउँदै गएको थियो । पोस्टपार्टम डिप्रेसनको अवस्थालाई श्रीमान्ले नबुझ्दा हिंसा थपिएको थियो । अहिले भने उहाँलाई औषधि र परामर्शले क्रमशः सुधार भइरहेको छ।

एक कामकाजी महिलाले त बच्चा जन्मिएपछि जागिर नै छाड्नुपर्‍यो । बच्चा जन्मिएपछि उहाँ माइतीमै बस्नुभयो । घर फर्किएपछि सबै काम आफैँ गर्नुपर्ने, त्यसमाथि काम छोड्दाको नयाँ दैनिकीले उहाँलाई तनाब दिइरहेको थियो । त्यसकै कारण मानसिक अवस्था बिग्रिँदै गइरहेको थियो । उहाँ पोस्टपार्टम डिप्रेसन मात्र होइन, व्यक्तिगत तथा पारिवारिक डिस्फ्याक्टरबाट पनि गुज्रिराख्नुभएको थियो।

माथिका चार घटना प्रतिनिधि मात्रै हुन् । यी घटनाले गर्भावस्था तथा सुत्केरी अवस्थामा महिलाले भोग्नुपरेका मानसिक स्वास्थ्यको अवस्था देखाउँछन् । उदाहरणले गर्भावस्था र प्रसूति शारीरिक मात्र विषय होइन यो मातृत्वसँग जोडिएको मानसिक स्वास्थ्यको अनिवार्य हिस्सा हो भन्ने देखाउँछ।

### आमामा मानसिक स्वास्थ्य समस्या

पछिल्लो समय मानसिक स्वास्थ्यसम्बन्धी बहस र पैरवी बढ्दै गए पनि गर्भावस्था र सुत्केरी अवस्थासँग जोडिएको मानसिक स्वास्थ्यबारे भने कमै मात्र चर्चा हुने गरेको छ । यस्तो अवस्थाको मानसिक स्वास्थ्य समस्याले गर्भमा रहेको भ्रुणको वृद्धि–विकासमा असर पार्न सक्छ।

बच्चाको शारीरिक, बौद्धिक र भावनात्मक विकासमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । समयमै पहिचान र उपचार नहुँदा यस्ता समस्याले साइकोसिस, आत्महानि, आत्महत्या तथा अन्य जटिल स्वास्थ्य समस्याको रूप लिन सक्ने विज्ञहरू बताउँछन् । यसले बच्चाको स्याहार–सुसारमा नकारात्मक असर पार्नुका साथै आमा–बच्चाबीचको आत्मीय सम्बन्ध विकासमा कठिनाइ सिर्जना गर्न सक्छ । दाम्पत्य जीवन र पारिवारिक सम्बन्धमा समेत समस्या देखिन सक्छ।

धेरैमा गर्भावस्था र सुत्केरी अवस्थाका विभिन्न शारीरिक तथा सामाजिक परिवर्तनका कारण तनाव देखिन सक्छ, जुन केही हदसम्म सामान्य मानिन्छ । यदि यस्तो तनाव लामो समयसम्म निरन्तर रहन्छ र यसले शारीरिक स्वास्थ्य, दैनिक क्रियाकलाप, पारिवारिक तथा दाम्पत्य सम्बन्ध र कार्यस्थलमा समेत नकारात्मक असर पार्न थाल्छ भने त्यो गर्भवती वा सुत्केरी अवस्थासँग सम्बन्धित मानसिक स्वास्थ्य समस्याको संकेत हुनसक्छ।

श्रीमान् तथा परिवारबाट आवश्यक साथ–सहयोग नपाउनु, सानै उमेरमा वा किशोरावस्थामै गर्भवती हुनु, अनियोजित वा अनिच्छित गर्भधारण, हाल वा विगतमा हिंसाबाट प्रभावित हुनु, आर्थिक अभाव, व्यक्तिगत वा पारिवारिक दुःखद् घटना भोग्नु, गर्भवती हुनुअघि नै मानसिक स्वास्थ्य समस्या हुनु, तथा अघिल्लो गर्भावस्थाको दुःखद वा डरलाग्दो अनुभव (गर्भपतन, नवजात शिशुको स्वास्थ्य समस्या, बच्चाको मृत्यु वा अन्य जटिलता) जस्ता कारणले गर्भवती तथा सुत्केरी अवस्थामा मानसिक समस्या निम्त्याउन सक्छन्।

परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पतालको मानसिक स्वास्थ्य ओपिडीमा कार्यरत मनोचिकित्सक डा प्रतिष्ठा घिमिरेका अनुसार गर्भवती तथा सुत्केरी धेरै महिलामा एन्जाइटी र डिप्रेसनको समस्या देखिने गरेको छ । अस्पतालले २०८१ साल असोज २० गतेदेखि गर्भवती तथा सुत्केरीका लागि मानसिक स्वास्थ्य सेवाको ओपिडी सेवा सुरु गरेको छ । यो सेवा सरकारीस्तरमा यो अस्पतालमा मात्र उपलब्ध छ । ओपिडीमा दैनिक ६ देखि ७ जना परामर्शका लागि आउने गरेका छन् भने हरेक दिन १५ देखि २० जना सुत्केरी भइसकेका आमालाई मनोसामाजिक परामर्श दिने गरिएको छ।

सेवाग्राहीसँग दैनिक कुरा गर्ने नर्स, मिडवाइफलाई यस्ता लक्षणबारे तालिम दिने, तनाव व्यवस्थापनका तालिम, रेफरल केशलाई काउन्सिलिङ र उपचार गर्ने, सघन कक्षमा बच्चा भएका आमाहरुको स्क्रिनिङ गर्ने काम अस्पतालले गर्दै आएको छ।

गर्भावस्थामा तनाव र एन्जाइटीका केस देखिन्छन् भने डेलिभरीपछि एन्जाइटी र डिप्रेसनका केस ओपिडीमा बढी आउने गरेका छन् । डर लाग्ने, मन आत्तिने, छटपटी हुने, भविष्यप्रति नकरात्मक सोच आउने, बच्चालाई पेटमा केही पो भएको छ भन्ने डर लाग्ने, निद्रा नलाग्ने, जिउ भारी भएजस्तो हुने लक्षण लिएर आउने धेरै हुने डा घिमिरेका बताउनुहुन्छ।

मनोविद्हरूका अनुसार ‘सो–कल्ड बेस्ट आमा’ बन्नैपर्छ भन्ने सामाजिक दबाब पनि महिलाले थेग्न नसक्दा मानसिक समस्या बढिरहेको छ । कतिपय अवस्थामा आत्महत्या गर्ने सोचसमेत आउने गरेको पाइएको छ । ‘धेरै महिलाले सहयोग माग्नै चाहँदैनन् । गाह्रो भए पनि भन्न सक्दैनन् । मानसिक समस्या व्यक्त गर्दा आफू खराब आमा ठहरिने हो कि, कर्तव्य पूरा गर्न नसकेको दोष लाग्ने हो कि भन्ने डरले उनीहरू अझ बढी तनावमा पर्ने गरेका छन्,’ डा घिमिरे बताउनुहुन्छ।

### एन्जाइटीदेखि आत्महत्यासम्म

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वभर करिब १० प्रतिशत गर्भवती र सुत्केरी भइसकेका १३ प्रतिशत महिला कुनै न कुनै मानसिक समस्याबाट प्रभावित हुन्छन् । विकासोन्मुख देशहरूमा यो अवस्था अझ गम्भीर छ । त्यहाँ गर्भावस्थामा १५.६ प्रतिशत र सुत्केरीपछिको अवधिमा १९.८ प्रतिशत महिलामा मानसिक समस्या देखिन्छ।

गम्भीर अवस्थामा आमाको पीडा अत्यन्तै बढ्न सक्ने भएकाले आत्महत्यासम्म गर्ने अवस्था पनि आउन सक्छ । यसका साथै, प्रभावित आमाले आफ्नो दैनिक भूमिका र जिम्मेवारी ठीकसँग निर्वाह गर्न सक्दैनन् । परिणामस्वरूप, बालबालिकाको वृद्धि र विकासमा नकारात्मक असर पर्न सक्छ । तर गर्भावस्था तथा मातृत्वको अवस्थामा देखिने मानसिक समस्याको उपचार सम्भव छ।

नेपालमा गर्भवती तथा सुत्केरी अवस्थामा हुने मानसिक समस्याबाट पीडित हुने दर उच्च देखिन्छ । डब्लुएचओकै तथ्याङ्कअनुसार गर्भावस्थामा १५.६ प्रतिशत र सुत्केरीपछिको अवधिमा १९.८ प्रतिशत जसका कारण प्रजनन उमेरका महिलामध्ये आमाको आत्महत्या मृत्युको प्रमुख कारणमध्ये एक बनेको छ । यसैगरी जानीजानी आत्म–हानि (इन्टेन्सनल सेल्फ हार्म) आमासम्बन्धी कुल मृत्युको करिब ६ प्रतिशत हिस्सा ओगटेको छ ।

### समस्या कसरी थाहा पाउने ?

यस विषयमा चर्चा र बहस पनि कम हुने गरेकाले नै जटिलता थपिएपछि मात्र महिलाहरु अस्पतालसम्म आइपुग्छन् । सुत्केरीपछि ३ महिनादेखि एक वर्षसम्म महिलाहरुमा मानसिक समस्या देखिन सक्छन् । लगनखेलस्थित मानसिक अस्पतालकी मानसिक रोग विशेषज्ञ डा तृष्णा विष्ट ९९ प्रतिशत महिला ‘पोस्टपार्टम ब्लुज’सँग गुज्रिने बताउनुहुन्छ । त्यो भनेको कहिले खुसी त कहिले दुःखी महसुस हुने, बिसन्चो, चिडचिडापन, ‘मुड स्वीङ’ भइराख्ने लक्षण हुन् । पोस्टपार्टम डिप्रेसन देखिन भने मध्यमदेखि जटिलताको अवस्थाबाट गुज्रनुपर्ने उहाँको भनाइ छ।

‘बच्चा र आफूलाई हानी पुर्‍याउन मन लाग्ने, अनौठो स्वभाव देखाउने, मनमा कुरा खेलाएर बस्ने, अनौठो खालको आभास हुने जटिल खालको लक्षण हुन सक्छन्,’ डा विष्ट भन्नुहुन्छ । दुई हप्ताभन्दा बढी समयदेखि लक्षण महसुस भइरहेको छ भने सकेसम्म छिटो स्वास्थ्यकर्मीसँग भेट्नुपर्छ । धेरै चिन्तित हुने र सोचिरहने, पहिले रमाइलो लाग्ने कुरामा चाख नलाग्ने, निराशा, बेसहारा र मूल्यहिन महसुस हुने, डर लाग्ने, आत्तिने र छटपटी हुने यसका लक्षण हुन् । निद्रामा गडबडी आउने, खान मन नलाग्ने, जीवनमा आउने सामान्य तनावको पनि सामना गर्न नसक्ने, कुनै पनि प्रतिकुल अवस्थाका लागि आफैँलाई दोषी देख्ने, रुन मन लाग्ने वा रोइरहने, निरन्तर थकित महसुस हुने, बच्चालाई वा आफैँलाई हानि गर्ने सोच आउने, घरका र कार्यस्थलका नियमित क्रियाकलाप गर्न गाह्रो हुने भएमा स्वास्थ्यकर्मीलाई भेटिहाल्नुपर्ने उहाँको सुझाव छ।

उदासीनता तथा एन्जाइटीको समस्या गर्भवती तथा सुत्केरी अवस्थामा धेरै महिलामा देखिन्छ । समयमै पहिचान भएमा यस्ता समस्याको व्यवस्थापन र उपचार गर्न सकिन्छ । समयमै व्यवस्थापन गरिएमा यी समस्याले आमा र बच्चाको दुवैको स्वास्थ्य र वृद्धि विकासमा हानि पुर्‍याउन सक्छन्।

मानसिक तथा शारीरिक परिवर्तनले स्वभाविक रुपमै महिलालाई पहिलेभन्दा गाह्रो बनाइराखेको हुन्छ । बच्चापछि मानसिक समस्या देखिनुमा त्यसअघि उसको स्वभाव कस्तो थियो भन्नेमा पनि भर पर्ने बताउनुहुन्छ डा विष्ट । भन्नुहुन्छ, ‘आत्तिराख्ने, तनाव लिइराख्ने, समाधान गर्न नसक्ने खालको स्वभाव थियो कि ? उसको आचरण र स्वभाव कस्तो थियो भन्नेमा पनि भर पर्छ ।’ सामाजिक, आर्थिक अवस्थासँगै श्रीमान्–श्रीमतीको सम्बन्धले पनि मानसिक स्वास्थ्यमा देखिन सक्ने सम्भावनालाई बढावा दिन्छ।

### श्रीमान् र परिवारको साथ

महिलालाई गर्भावस्थाका साथै सुत्केरीमा श्रीमान् मात्र होइन घरका सबै सदस्यको सहयोग चाहिन्छ । शारीरिक रुपमा महिलाले नै सबै जिम्मेवारी लिनुपर्ने भए पनि अरु कुरामा परिवारका सदस्यले सहयोग गर्नुपर्ने जानकार बताउँछन्।

डा घिमिरे भन्नुहुन्छ, ‘अप्ठ्यारो भएको बेला कुरा बुझिदिने र सुनिदिनुपर्छ । नयाँ जिम्मेवारी थपिँदा आमाको दैनिकी फेरिएको हुन्छ । आमालाई सुत्न र आराम गर्न दिनुपर्छ । बच्चासँगै आमाको पनि ख्याल राख्नुपर्छ । साथै गर्भवती तथा सुत्केरी महिलाले पनि सहयोग माग्न सिक्नुपर्छ।’

नियमित तालिकामा बाँधिनुपर्दा सकस महसुस हुनसक्ने भएकाले आफूलाई अरु क्रियाकलापमा पनि लगाउनुपर्ने उहाँ बताउनुहुन्छ । ‘बाहिर हिँडडुल गर्ने, पोषिला खानेकुरा खाने, ध्यान र योग गर्ने गर्नुपर्छ । हर्मोन परिवर्तन भइराखेको हुन्छ । कति कुरा सामान्य लक्षण हुन सक्छन् त्यो म आफैले समाना गर्न सक्छु भनेर अठोट लिनुपर्छ । आफूमा आएको परिवर्तनलाई कसरी आत्मसाथ गर्न सक्नुपर्छ भनेर बुझ्नुपर्ने हन्छ,’ उहाँको भनाइ छ।

विज्ञका अनुसार परिवारका सदस्य र विशेषगरी श्रीमान्को साथ भएमा महिलालाई त्यस्ता समस्याबाट जुध्न सजिलो हुन्छ । कामकाजी महिलाले विशेषगरी धेरै कुरामा सम्झौता गर्नुपरेको हुन्छ । पहिले संयुक्त परिवारमा बस्दा बाआमाले बच्चा हेरिदिन्थे, जसले गर्दा दम्पतीलाई सहज बनाउँथ्यो । डा विष्ट भन्नुहुन्छ, ‘हामीले महिलामा मात्र बच्चापछि मानसिक समस्याबाट गुज्रिनुपरेको भन्छौँ तर पुरुषहरुले पनि भोगिरहेका हुन्छन् । दुवैको निद्रा डिस्टर्ब हुन्छ, अनि खानपिन र सम्पूर्ण दैनिकीमा नै परिवर्तन आएको हुन्छ ।’

अभिभावकीय भूमिकामा महिलाले मात्र सम्झौता गरेका हुँदैनन्, पुरुषले पनि त्यो जिम्मेवारी निभाइरहेका हुन्छन् । महिलाले साथ नदिएको खण्डमा त्यहाँ पुरुष पनि समस्यामा पर्न सक्छन् । यो अवस्थामा दुवैले एकअर्कालाई साथ दिनुपर्छ । “यथार्थपरक लक्ष्य राख्नुस्,” डा तृष्णा विष्ट सुझाउनुहुन्छ, ‘जीवनमा सबै कुरा प्राप्त हुन्छ भन्ने पनि हुँदैन । केही न केही सम्झौता गर्नैपर्ने हुन्छ । आफूलाई पनि समय दिने प्रयास गर्नुस् । जुन क्षण छ त्यसमा रमाउन सिक्नुस् । मलाई यो समस्या भयो भनेर भन्न सिक्नुस् ।’

पहिला त गर्भावस्थामा मुख्य आकर्षण महिला हुन्छिन् । सबैको सोधीखोजीको विषय हुन्छ । बच्चा भएपछि सबै ध्यान बच्चामै जान्छ, जसले गर्दा आमालाई एक्लो महसुस हुन सक्छ । यस्तो समस्या पनि धेरै महिलामा देखिएको छ । डा विष्टको भन्नुहुन्छ, ‘तपाईं मानसिक रुपमा तयार नहुँदासम्म बच्चा नजन्माउनुस् । समाजको प्रभाव र दबाबमा नआउनुस् ।’

डा घिमिरेका अनुसार गर्भावस्था र त्यसपछिका दिनमा मानसिक स्वास्थ्य समस्या देखिन सक्छ भन्ने विषयमा अझै पर्याप्त जनचेतना छैन । ‘मानसिक स्वास्थ्य आफैंमा प्राथमिकतामा पर्दैन, त्यसमाथि गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्यको त झनै बेवास्ता हुन्छ । यसलाई सामान्य ठानेर गम्भीर रूपमा नलिँदा दुर्घटना हुनसक्छ,’ उहाँ भन्नुहुन्छ।

डा घिमिरे तनाब व्यवस्थापनका तरिका, खानपानमा ध्यान दिने, सन्तुलित भोजन र पोषिलो खाने, शारीरिक रुपमा सक्रिय हुने, आफ्ना कुरा विश्वासिलो व्यक्तिलाई सेयर गर्ने, सोसलाइज हुने, एकोहोरो नहुने, आइसोलेटेड नहुने गर्दा यी समस्या नआउन सक्ने बताउनुहुन्छ।

स्वास्थ्य सेवामा अझै पनि शारीरिक पक्षलाई बढी प्राथमिकता दिने परिपाटी छ । मानसिक स्वास्थ्यप्रति समाजमा रहेको नकारात्मक धारणा तथा मानवीय र भौतिक स्रोतसाधनको अभावका कारण गर्भवती तथा सुत्केरी महिलामा देखिने मानसिक स्वास्थ्य समस्या लामो समयदेखि ओझेलमा पर्दै आएको देखिन्छ।

### कसरी समाधान गर्न सकिन्छ ?

–बच्चा हेर्न र घरका कामकाजमा श्रीमान् तथा परिवारका सदस्यको सहयोग लिनुहोस्।
–पर्याप्त आराम र निन्द्रा सुनिश्चित गर्नुहोस्।
–नियमित रुपमा आफ्नो सरसफाइ गर्नुहोस्, पोषिलो र सन्तुलित खानुहोस्।
–मिल्ने व्यक्ति र अरु गर्भवती, सुत्केरीसँग आफ्ना भावना व्यक्त गर्नुहोस्।
–आशावादी रहनुहोस्।
–विगतका खुशीका क्षणका सम्झना गर्दै हौसला लिनुहोस्।
–मोबाइल, टिभी, कम्प्युटरलगायत, सामाजिक सञ्जालमा धेरै समय नबिताउनुहोस्।
–गलत सूचनामा विश्वास नगर्नुहोस् र आफूलाई चाहिने जानकारी आधिकारिक स्रोतबाट लिनुहोस् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# गुणस्तरीय पर्यटन प्रवर्द्धन गर्नुपर्छः मन्त्री



**काठमाडौँ ।**
स्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले गुणस्तरीय पर्यटन प्रवद्र्धन गर्नुपर्नेमा जोड दिएका छन्।

नेपाल पर्यटन बोर्डको २७ औँ वार्षिकोत्सव समारोहलाई बुधबार सम्बोधन गर्दै कानून मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका मन्त्री सिन्हाले नेपालको पर्यटनलाई विश्वस्तरमा पु¥याउनका लागि गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता रहेको बताए।

नेपाल पर्यटन बोर्डको भूमिका अझै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री सिन्हाले विश्व परिवेश तीव्ररूपमा रुपान्तरित भइरहँदा नेपालले डिजिटल संलग्नता, गुणस्तरीय पर्यटन, दिगो अभ्यासहरू र उदयमान स्रोत बजारहरूलाई राष्ट्रिय प्राथमिकतासँग रणनीतिकरूपमा जोडेर अगाडि बढाउन जरुरी रहेको आवश्यकता औँल्याए।

उनले हालसम्म नेपालको पर्यटनलाई जीवन्त बनाउने सबैप्रति आभार प्रकट गर्दै साझेदारीका साथ अघि बढ्न पनि अनुरोध गरे।

कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले यही बोर्डको अनुभव र सिकाइमा आधारमा मन्त्रीको भूमिका निर्वाह गर्न आइपुगेको उल्लेख गर्दै सबैप्रति कृतज्ञता प्रकट गरे। उनले अहिले आफू फरक भूमिकामा रहेपनि पछि पुनःपर्यटन क्षेत्रमै जोडिएर काम गर्ने प्रतिबद्धता पनि जनाए।

उनलाई आजै नेपाल पर्यटन बोर्डले सम्मान गरेको थियो । सो क्रममा मन्त्री श्रेष्ठले पर्यटन भनेको आगमन सङ्ख्याको गणना मात्रै नभई विश्वस्तरमा नेपालको सम्बन्ध विकास हो भने।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका अध्यक्ष तथा पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपालको पर्यटनलाई गुणात्मक बनाउनुपर्नेमा जोड दिए । उनले स्थानीय तहको सहभागितामा लाभ सुनिश्चित हुने मोडलको पर्यटन विकास आजको आवश्यकता भएको बताउँदै सांस्कृति पर्यटनको विकास र प्रवद्र्धन जरुरी भएको बताए।

कार्यक्रममा बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले सरकारले बोर्डलाई आवश्यक सहयोग नगरेको गुनासो गरे।

कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले गएको एक वर्षमा झण्डै ११ लाख ६० हजारको हाराहारीमा पर्यटक भित्रिएको जानकारी दिए । उनका अनुसार यो अघिल्लो वर्षभन्दा ३ प्रतिशत बढी भएको पनि बताए। कार्यक्रममा बोर्डले नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल्स(नाटा), होटल सङ्घ नेपाल (हान), नेपाल पर्वतारोहण सङ्घ, हिमालयन रेस्क्यू एसोसिएसन र प्यासिफिक एसिया ट्राभल एसोसिएसनलाई सम्मान गरिएको थियो । रासस

# कानूनबमोजिम खर्च विवरण पेस गरे कालोसूचीमा नरहने



**काठमाडौँ।**
निर्वाचन आयोगले विगतका निर्वाचनमा उम्मेदवार रही कानूनबमोजिम खर्च विवरण पेस र सार्वजनिक गर्ने उम्मेदवार कालोसूचीमा नरहने स्पष्ट गरेको छ । खर्चको विवरण बुझाउने उम्मेवारको पनि कालोसूचीमा नाम कायम रहेको भनी प्रकाशित समाचारबारे आज आयोगले स्पष्ट गरेको हो।

विसं २०७९ को प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवार भई प्रचलित निर्वचन कानूनअनुसार निर्वचन खर्चको विवरण सार्वजनिक नगर्नेका हकमा जरिवानाको कारबाही गरी पुनः त्यस्तो निर्वचन खर्चको विवरण सार्वजनिक गर्न आदेश दिइएको आयोगले जनाएको छ।

आयोगले हाल कतिपय सञ्चारमाध्यममा आएकोजस्तो कतिपय उम्मेदवारहरू कालोसूचीमा रहेको भन्ने समाचारमा सत्यता नभएको पनि स्पष्ट पारेको छ। आयोगले विवरण समयमा नबुझाउने र विवरण सार्वजनिक नगर्ने उम्मेदवारलाई रु १५ हजार जरिवाना तोकिएको र तोकिएको जरिवाना सम्बन्धित निर्वाचन कार्यालयमा बुझाएका वा अदालतबाट सम्बन्धित उम्मेदवारका विषयमा आदेश भएको अवस्थाका उम्मेदवार पुनः उम्मेदवार हुनबाट वञ्चित नहुने जनाएको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले तोकिएको खर्च सीमाभित्र तोकिएको समयमा आफ्नो निर्वाचनको खर्च विवरण बुझाएका तर त्यसलाई सार्वजनिक नगरेका उम्मेदवारले जरिवाना तिर्नुपर्ने कानूनी व्यवस्था रहेको जनाए । उनले जरिवाना तिरेपछि सम्बन्धित उम्मेदवार कालोसूचीबाट स्वतः हट्ने र पुनः उम्मेदवार बन्न बाधा नहुने बताए। रासस

# सरकार सुशासन कायम गर्न र चुनावतर्फउन्मुखः प्रधानमन्त्री

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले वर्तमान सरकारलाई सुशासनको जग बसाल्ने र फागुन २१ गते निर्वाचन सम्पन्न गर्ने स्पष्ट कार्यादेश दिइएको बताउँदै त्यसतर्फ सरकार गम्भीरतापूर्वक अघि बढिरहेको बताएकी छन्।



नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा आयोजित 'शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्य–सामूहिक पहल' कार्यक्रममा उनले राजनीतिक स्थिरता तथा विश्वास कायमगरी तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख प्राथमिकता भएको उल्लेख गरिन्।

'यो सरकार बनेको मुख्य उद्देश्य सुशासनलाई संस्थागत गर्ने र तोकिएकै समयमा चुनाव गराउनु हो। हामी त्यसतर्फ ठोस रूपमा उन्मुख भइरहेका छौँ,' प्रधानमन्त्री कार्कीले भनिन्।

उनले अघिल्ला राजनीतिक परिवर्तनले आमनागरिकको रोजगारी, आयआर्जन र जीवनस्तरमा अपेक्षित सुधार ल्याउन नसकेको स्वीकार गरे। 'राजनीतिक परिवर्तन आए तर नागरिकका आकाङ्क्षा पूरा हुन सकेनन् । नेतृत्वको व्यवहारमा पनि सुधार हुन सकेन,' प्रधानमन्त्रीले औँल्याइन्।

जेन्जी आन्दोलनका क्रममा देशले भोग्नुपरेको करिब ८४ अर्ब रुपैयाँ बराबरको क्षतिलाई उल्लेख गर्दै उनले शान्ति र कानूनी सुव्यवस्था कायम राख्न सबैपक्ष संयमित बन्नुपर्ने आवश्यकता दोहो¥याइन् । आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न पनि सबै दल, नागरिक समाज र निजी क्षेत्रको सहकार्य अपरिहार्य भएको बताइन्।

प्रधानमन्त्री कार्कीले व्यावसायिक सुरक्षाका लागि सरकारले केही महत्त्वपूर्ण कदम चालिसकेको दाबी गरिन् । मौद्रिक, वित्तीय र विकास योजनामार्फत निजी क्षेत्रलाई सहुलियत प्रदान गरिएको उल्लेख गर्दै उनले भनिन्, 'कर तिर्ने समय थपिएको छ, सूचना प्रविधि कम्पनीलाई विदेशमा लगानी गर्न मार्ग खोलिएको छ, जग्गा कित्ताकाट सहज बनाइएको छ । साथै कालोसूचीमा परेका कम्पनीलाई पनि कानूनी ढाँचाभित्र रहेर बाह्य लगानी ल्याउन सहज बनाउने प्रयास गरिएको छ।'

निजीक्षेत्रले आफ्ना चुनौती लुकाएर पनि देशको अर्थतन्त्रलाई अघि बढाइरहेको उल्लेख गर्दै उनले सरकार त्यसका पीडा सुन्ने र व्यावहारिक समस्या समाधानमा साथ दिन तयार रहेको बताइन् । प्रधानमन्त्री कार्कीले वर्तमान सरकारलाई कानून परिवर्तन गर्ने अधिकार नहुँदा पनि प्रणालीभित्र रहेर सुधारको बाटो लिन सकिने बताइन् । 'कानून बदल्ने अधिकार यो सरकारलाई छैन । तर, भएकै संरचनाभित्र सुशासनको जग बसाल्दै राजनीतिक स्थायित्वतर्फ काम भइरहेको छ,' उनले स्पष्ट पारिन्।

निजीक्षेत्रका सम्पत्ति फेरि नजलोस् भन्ने राष्ट्रिय प्रतिबद्धता सरकारबाट रहँदै आएको उल्लेख गर्दै उनले निजी तथा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि आवश्यक सबै कदम चाल्न सरकार तयार रहेको पुनःआश्वासन दिइन् । कार्यक्रममा प्रधानमन्त्री कार्कीले राज्य र निजी क्षेत्रबीचको सहकार्यले मात्र आर्थिक पुनरुत्थान सम्भव हुने बताउँदै आगामी निर्वाचन, शान्ति र विकासलाई साझा राष्ट्रीय एजेन्डाका रूपमा अघि बढाउन आह्वान गरिन् । 'निर्वाचनमार्फत शान्ति, स्थायित्व र समृद्धिका लक्ष्यप्राप्तिका लागि सरकार कटिबद्ध छ। सबैपक्षको साथ र संयमले मात्र हामी सफल हुन्छौँ,' उनले भनिन्।

# चलचित्र विकास बोर्डलाई समावेशी बनाउन माग

**काठमाडौँ।**
राष्ट्रियसभाका सांसदहरुले चलचित्र विकास बोर्डलाई संविधानको मर्म र भावनाअनुसार समावेशी बनाउनुपर्ने बताएका छन्।



राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको आज (बुधबार) को बैठकमा भाग लिने सांसदहरूले बोर्डको संरचना संविधानको मर्मअनुरुप सबै पक्षलाई यथासक्य समट्ने गरी समावेशी हुनुपर्ने धारणा व्यक्त गरे।

समितिका सांसद राधेश्याम पासवानले सदियौँदेखि कला र संस्कृतिका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएका दलित समुदायको बोर्डमा प्रतिनिधित्व हुनुपर्ने धारणा राखे । उनले समावेशी भन्न र देखाउनका लागि मात्रै नभई व्यवहारमा प्रष्ट उर्तानुपर्ने बताए।

सांसद पदम परियारले पाँच जनाको बोर्ड सदस्यमा सबै समुदाय नअट्ने भए नहोरिने गरी पालैपालो सबै समुदायको प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए । सांसद डा. अन्जान शाक्यले चलचित्र क्षेत्रमार्फत जनजातिको संस्कृति जगर्ना गर्दै आएका आदिवासी जनजातिको बोर्डमा प्रतिनिधित्व सुनिश्चित गर्न ध्यानाकर्षण गरे। यसै गरी भुवनबहादुर सुनारले नदोहोरिने गरी सबै वर्ग र समुदायको बोर्डमा उपस्थिति सुनिश्चित गरी समावेशी सहभागितामा जोड दिए।

छलफलमा भाग लिँदै सांसद बेदुराम भुसाल, विष्णुबहादुर विश्वकर्मा, सुरेशकुमार आलेमगरलगायतले चलचित्र क्षेत्रको विकास र विस्तारका लागि समावेशी प्रतिनिधित्व हुनुपर्ने धारणा व्यक्त गरे।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र विकास बोर्डलाई समावेशी, स्वायत्त र सबैको अपनत्व हुने गरी आवश्यक नीतिगत व्यवस्था गर्न सरकार तयार रहेको स्पष्ट गरे।

समितिको बैठकमा उठाइएका जिज्ञासा सम्बोधन गर्नेक्रममा सञ्चारमन्त्री खरेलले सांसदहरूद्वारा उठाइएका महत्त्वपूर्ण सुझावहरूलाई समेटेर विधेयकलाई टुंगोमा पु¥याइनुपर्नेमा जोड दिँदै त्यसका लागि आवश्यक सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताए। यसै गरी सञ्चार सचिव राधिका अर्यालले समावेश सहभागिताका सन्दर्भमा समितिमा उठेका विषयप्रति मन्त्रालय सकारात्मक रहेको बताए।

सभापति तुलसाकुमारी दाहालले चलचित्र विकास बोर्डसँग सम्बन्धित विधेयकमाथिको दफावार छलफललाई यथासक्य छिटो टुंगोमा पु¥याउनुपर्ने धारणा व्यक्त गर्दै पेचिलो रूपमा प्रस्तुत समावेशी सहभागिताका सन्दर्भमा सञ्चार मन्त्रालय र सांसदहरुबीच बृहत् छलफल गरी सहमतिका साथ विधेयकलाई अन्तिम रूप दिने पक्षमा समिति रहेको बताए। रासस

# निर्वाचन लोकतन्त्रको असल अभ्यासः गृहमन्त्री

**मोरङ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले गत भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनका क्रममा हराएका, लुटिएका हतियार र बन्दीगृहबाट फरार कैदीलाई आगामी फागुन २१ गते अगावै नियन्त्रणमा ल्याइसक्ने जानकारी दिएका छन्।

गृहमन्त्रालय र कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा विराटनगरमा आयोजित कोशी प्रदेशस्तरीय सुरक्षा समितिको बैठकमा उनले फरार अधिकांश कैदीबन्दी सम्पर्कमा भइसकेको र बाँकीलाई समेत विशेष अभियान सञ्चालन गरी यथाशीघ्र नियन्त्रणमा ल्याइने बताए।

गृहमन्त्री अर्यालले भने, 'राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदीबन्दीलाई प्रमुख सुरक्षा चुनौतीको रुपमा औँल्याएको विषयप्रति सरकार संवेदनशील भएर काम गरिरहेको छ। दलसँगको वार्ता र संवादको समेतको विषयमा सरकार जिम्मेवार, संवेदनशील र त्यतिकै उत्तरदायी रहेको छ ।' भयरहित निष्पक्ष र शान्तिपूर्ण चुनावको तयारीका लागि सरकारले चालेका कदमहरुमध्ये सुरक्षा गोष्ठी पनि एक भएको उनले बताए । सरकारले निर्वाचनपूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चात्का कार्यहरुमा समेत प्रदेश सरकारको सक्रियता रहने गरी संयन्त्रहरु बनाएको उनले जानकारी दिए । गृहमन्त्री अर्यालले निर्वाचन लोकतन्त्रको असल अभ्यास भएको बताए । उनले निर्वाचनले नागरिक शक्तिलाई सरकारमा पु¥याई शासनको वैधानिकता प्रदान गर्ने बताए । उनले भने, 'निर्वाचनबिना सुशासन कायम गर्न कठिन हुन्छ। देश थप अस्थिरतातर्फ धकेलिन सक्ने हुँदा सुशासन चाहने हो भने निर्वाचनको विकल्प छैन।'

निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने मूल 'म्यान्डेड'का साथ गठन भएको यस नागरिक सरकार मूलतः सुशासन कायम गर्दै शान्ति सुरक्षाको प्रत्याभूतिसहित तोकिएकै मितिमा स्वच्छ, निष्पक्ष र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने मूल ध्येयका साथ अघि बढिरहेको गृहमन्त्री अर्यालको भनाइ छ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गैरदलीय सरकारलाई तटस्थ भएर निर्वाचन गराउन आग्रह गरे। उनले निर्वाचनको वातावरण अझै बनिनसकेको बताए। मुख्यमन्त्री कार्कीले भने, 'निर्वाचन आउन दुई महिना बाँकी त्यसको वातावरण निर्माण गर्नुपर्छ।'

सुरक्षाकर्मीलाई उच्च मनोवल बनाउनका लागि आवश्यक साधनस्रोतले सम्पन्न बनाउन गृह मन्त्रालयलाई मुख्यमन्त्री कार्कीले ध्यानाकर्षण गराए । उद्घाटन कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतीरमण भण्डारी, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेलगायले सम्बोधन गरेका थिए।

सुरक्षा बैठकमा नेपाली सेनाका बलाधिकृत, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपालका सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, कोशी प्रदशेका १४ वटै जिल्लाका सुरक्षा प्रमखहरुको सहभागिता रहेको छ।

# अहिलेको अवस्थामा चुनाव पहिलो प्राथमिकताः दाहाल

**काठमाडौँ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले वर्तमान राजनीतिक अवस्थाबाट निकास निकाल्न तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नु अपरिहार्य रहेको बताएका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा यहाँ आयोजित 'शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्यः सामूहिक पहल' कार्यक्रममा उनले निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त गरी संसद् पुनःस्थापना गर्नु अबको बाटो रहेको उल्लेख गरे।

'शान्ति, स्थायित्व र समृद्धिका लागि निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरेर नयाँ संसद् स्थापना गर्नुपर्छ। नयाँ संसद्ले संविधानमा रहेका अन्योलता हटाउने काम गर्नेछ,' पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक दाहालले भने । पछिल्ला राजनीतिक घटना र जेन्जी आन्दोलनले पुरानो राजनीतिक सोच र स्थापित शक्तिलाई आत्मसमीक्षा गर्न बाध्य पारेको उनले बताए।

संयोजक दाहालले राजनीतिक दलका नेतृत्व तहले आफ्ना कमीकमजोरी पहिचान गरी सुधारतर्फ उन्मुख हुनुपर्नेमा जोड दिए । 'हामीले आफ्नै आत्मसमीक्षा गरेर कमजोरी कहाँ भयो भनेर खोज्नुपर्छ । स्थापित शक्तिहरू अब नागरिकको आवश्यकतालाई केन्द्रमा राखेर अघि बढ्ने वा आफ्नो औचित्य सकियो भनेर पाखा लाग्ने मोडमा पुगेका छन्,' उनले भने।

दाहालले निर्वाचनलाई राजनीतिक प्रतिस्पर्धा मात्र नभई राष्ट्रिय सहमति निर्माण गर्ने प्रक्रियाका रूपमा लिनुपर्ने धारणा राख्नुभयो। 'युवापुस्ता जेन्जी प्रदर्शनपछि हामीले राष्ट्रिय सहमति र राष्ट्रिय राजनीतिक एकतामा जानुपर्छ भनेका थियौँ। सर्वपक्षीय सहमति गर्ने वातावरण क्रमशः बन्न थालेको छ,' उनले भने।

वर्तमान सरकारले चुनौतीपूर्ण परिस्थितिमा बसेर पनि निर्वाचन गर्ने वातावरण बनाउन सफल भएको नेकपाका संयोजक दाहालले उल्लेख गरे। 'के हुन्छ भन्ने अन्योलभन्दा अब निर्वाचनमा केन्द्रित हुनुपर्छ । सरकारले अप्ठेरोबीच पनि विकल्प निर्वाचन नै हो भन्ने वातावरण बनाउँदै गएको छ,' उनले भने।

कार्यक्रममा नेकपाका संयोजक दाहालले राजनीतिक स्थायित्वसँगै आर्थिक समृद्धि निजी क्षेत्रको सक्रियता बिना सम्भव नहुने तर्क गरे । 'निजी क्षेत्रलाई संरक्षण र प्रोत्साहन गरिएन भने विकास र समृद्धि सम्भव हुँदैन।

निजी क्षेत्रको प्रवद्र्धन नगरी अर्थतन्त्र उकास्ने सपना पूरा हुँदैन,' उनले भने । उनले राज्य, निजी क्षेत्र र समुदायबीचको सहकार्यबाट मात्र रोजगार सिर्जना, लगानी विस्तार र उत्पादन वृद्धिबाट समृद्धि सम्भव हुने धारणा राखे।

# असन्तुष्टिलाई सम्बोधन गर्नुपर्छः महत

**काठमाडौँ।**
नेपाली कांग्रेसका प्रवक्ता तथा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले नागरिक असन्तुष्टिलाई शान्तिपूर्ण तरिकाले सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा आयोजित 'शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्य–सामूहिक पहल' कार्यक्रममा महतले सुशासन र स्थिरताबिना समृद्धिको परिकल्पना गर्न नसकिने बताए। 'असन्तुष्टि प्रकट हुनु स्वाभाविक हो।

तर त्यसको अभिव्यक्ति पनि शान्तिपूर्ण हुनुपर्छ, र सरकारको प्रतिक्रिया पनि शान्तिपूर्ण तथा कानूनी प्रक्रियाभित्रै सीमित हुनु अत्यावश्यक छ,' उनले भने।

महतले भदौ २३ र २४ गतेको विरोध प्रदर्शनका आडमा भएका हिंसालाई कुनै पनि बहानामा वैधानिकीकरण गर्न नहुने बताए। ती घटनाबाट राष्ट्रले ठूलो आर्थिक र मनोवैज्ञानिक क्षति बेहोर्नु परेको उल्लेख गर्दै महतले लगानीकर्ताको विश्वास घटेको र पुँजी पलायनको सम्भावना बढ्दै गएको बताए।

# अनिश्चितताले घेरेको विश्व अर्थतन्त्रः वर्ष २०२५ के–कै भए ?

*सन् २०२५ मा विश्व अर्थतन्त्रले उच्च ब्याजदर तथा मुद्रास्फीति, आपूर्ति शृङ्खलामा आएको परिवर्तन, मानवीय सहायता रकममा चरम कटौती, सार्वजनिक ऋणको बढ्दो आँकडाजस्ता चुनौतीको सामना गर्नुप¥यो । संयुक्त राष्ट्रसङ्घ (युएन), अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), विश्व आर्थिक मञ्च (डब्लुइएफ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले उच्च मुद्रास्फीति, बढ्दो ऋण, भू–राजनीतिक तनाव, प्रविधि क्षेत्रमा आएको सुस्तता, जलवायु सङ्कट र श्रम बजारमा देखिएको संरचनात्मक परिवर्तनले सन् २०२५ लाई चुनौतीपूर्ण आर्थिक वर्षका रूपमा चित्रित गरेका छन् ।*



यस वर्ष सबैभन्दा ठूलो चिन्ता मुद्रास्फीति र ब्याजदरको विषय बनेको छ। धेरै मुलुकका केन्द्रीय बैंकहरूले कडा मौद्रिक नीतिका बाबजुद मुद्रास्फीति नियन्त्रणमा ल्याउन सङ्घर्ष गरिरहेका छन्। यसको प्रत्यक्ष असर उपभोग, पुँजीबजार र घरजग्गा जस्ता क्षेत्रमा देखिएको छ । त्यस्तै, सार्वजनिक र निजी क्षेत्रको ऋण ऐतिहासिक उच्च स्तरमा पुगेको छ। बढ्दो ब्याजदरका कारण ऋणको सेवा खर्च बढ्दा सरकारहरूका बजेटमा ठूलो दबाब परेको छ भने निजी क्षेत्रको लगानी क्षमता खुम्चिएको छ । विशेष गरी विकासशील र उदीयमान अर्थतन्त्रहरू ऋण सङ्कटको जोखिमतर्फ धकेलिँदै गएको विश्व बैंकले उल्लेख गरेको छ।

त्यस्तै, भू–राजनीतिक विभाजन र व्यापार युद्ध अर्को गम्भीर चुनौतीका रूपमा देखिएको छ। अमेरिका–चीन प्रतिस्पर्धा, युक्रेन–रुस युद्ध, मध्यपूर्वको अस्थिरता र संरक्षणवादी नीतिका कारण विश्व व्यापार प्रणाली झन् खण्डित हुँदै गएको छ। बढ्दो भन्सार शुल्क र व्यापार अवरोधले आपूर्ति श्रृङ्खला अव्यवस्थित बनाएको छ । जसले उत्पादन लागत बढाउनुका साथै विश्व व्यापारको वृद्धिदर घटाएको छ। प्रविधि क्षेत्र विशेष गरी कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा तत्काल प्रतिफल नआउँदा यस क्षेत्रका लगानीकर्ताहरू सतर्क बनेका छन् । यसले प्रविधि कम्पनीहरूको लगानी कटौती, रोजगारी घट्ने र शेयर बजारमा अस्थिरता बढाएको छ । प्रविधि क्षेत्रको सुस्तताले समग्र आर्थिक वृद्धिमा समेत नकारात्मक प्रभाव पारेको विश्लेषण गरिएको छ। जलवायु परिवर्तनको आर्थिक लागत झन् गहिरिँदै गएको छ। बाढी, सुक्खा र प्राकृतिक प्रकोपका कारण कृषि, पूर्वाधार र बीमा क्षेत्रमा ठूलो क्षति भइरहेको छ। त्यस्तै, श्रम बजारमा पनि दीर्घकालीन संरचनात्मक समस्या देखिएको छ। विकसित मुलुकहरूको जनसंख्यामा काम गर्ने युवा र वयस्क उमेर समूहको तुलनामा वृद्ध व्यक्तिहरूको वृद्धिदर बढ्न थालेको छ। जसकारण श्रमिक अभाव, पेन्सन र स्वास्थ्य खर्चको बोझ बढ्दो छ । यसले उत्पादनशीलता घटाउनुका साथै सामाजिक सुरक्षा प्रणालीमा दबाब सिर्जना गरेको छ । अन्तर्राष्ट्रिय आप्रवासन अर्को संवेदनशील आर्थिक–राजनीतिक मुद्दा बनेको छ। श्रम अभाव पूर्ति गर्न आप्रवासी श्रमिक आवश्यक भए पनि सामाजिक असन्तोष, राजनीतिक विरोध र मानवीय सङ्कटले सरकारहरूलाई जटिल निर्णय लिन बाध्य बनाएको छ। मुद्रास्फीति, युद्ध, ऋण सङ्कट र नीतिगत अनिश्चितताका कारण शेयर, मुद्रा र ऋणपत्र बजारमा तीव्र उतार–चढाव देखिएको छ। यसले लगानीकर्ताको विश्वास कमजोर बनाएको छ । आपूर्ति श्रृंखलाका अवरोध बढ्दै गएका छन् । युद्ध, संरक्षणवाद र क्षेत्रीयकरणका कारण कच्चा पदार्थदेखि उपभोक्ता वस्तुसम्म आपूर्ति अवरोध देखिन थालेका छन्। मूल्य र उत्पादन दुवै प्रभावित बनाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ को विश्व वृद्धिदर महामारीअघिको औसतभन्दा तल रहने अनुमान छ । 'वल्ड इकोनोमिक आउटलुक–अक्टोबर २०२५' अनुसार विश्व आर्थिक वृद्धिदर २०२४ को ३.३ प्रतिशतबाट घटेर २०२५ मा ३.२ प्रतिशत र २०२६ मा ३.१ प्रतिशतमा खुम्चिने अनुमान गरिएको छ।

- **अमेरिकाले छेडेको 'ट्यारिफ वार'**

आफ्नो दोस्रो कार्यकालका लागि ह्वाइटहाउस फर्किएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आक्रामक भन्सार (ट्यारिफ) नीतिका कारण यो वर्ष विश्व बजार र आपूर्ति श्रृङ्खला नराम्रोसँग खल्बलियो। व्यापार घाटा घटाउने नाममा प्रमुख व्यापारिक साझेदारमाथि नयाँ–नयाँ भन्सार कर घोषणा गर्दै ट्रम्प प्रशासनले तय गरेका नीतिका प्रभाव संसारभर देखिए।

यो नीतिबाट घरेलु उत्पादन संरक्षणको दाबी गरिए पनि यसले अमेरिकाको आयात महङ्गिदा अमेरिकी उपभोक्तामाथि मूल्यवृद्धिको बोझ मात्रै थपेन व्यापारिक साझेदार देशहरूको प्रतिशोधात्मक कदमले बहुपक्षीय व्यापार प्रणाली झन् कमजोर बन्न पुग्यो । कार्यकाल सम्हालेको तीन महिनामै तीन ठूला व्यापारिक साझेदार क्यानाडा, मेक्सिको र चीनमाथि अतिरिक्त भन्सार कर थपियो । अमेरिकी व्यापारमा 'लिबरेसन डे'को नाम दिंदै ट्रम्पले गत अप्रिलमा विश्वका अधिकांश देशमाथि व्यापक भन्सार कर घोषणा गरे । यसबीचमा अमेरिकाको चीनसँगको व्यापार युद्ध अझ तीव्र बन्यो । अमेरिका र चीनबीच एक–अर्कामाथि करको दर क्रमशः १४५ प्रतिशत र १२५ प्रतिशतसम्म पुगेको थियो।

त्यस्तै, गत अगस्टमा अमेरिकाले युरोपेली सङ्घ (इयु) सहित ६० भन्दा बढी देशमाथि उच्च भन्सार कर लागु ग¥यो। क्यानाडामाथि कर ३५ प्रतिशत पु¥याइयो भने ब्राजिल र भारतबाट आउने वस्तुमा ५० प्रतिशत कर लागु गरियो। विश्वभर आयात हुने तामामा ५० प्रतिशत कर लगाइयो । साना मूल्यका आयातमा कर छुट दिने 'डे मिनिमिस' नियम खारेज हुँदा अनलाइन व्यापारसमेत प्रभावित भयो। वर्षको अन्त्यतिर ट्रम्प प्रशासनले लागु गरेको भन्सार विवाद अदालतसम्म पुग्यो । समग्रमा, सन् २०२५ मा ट्रम्पको भन्सार नीतिले अमेरिकी अर्थतन्त्र मात्र होइन, विश्व व्यापार व्यवस्थालाई समेत अस्थिर बनाएको छ । संरक्षणवादको नाममा सुरु गरिएको यो आक्रामक रणनीतिले दीर्घकालीन रूपमा अमेरिका स्वयंलाई कति फाइदा पु¥याउँछ भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ।

- **सुन, चाँदी र प्लेटिनमको मूल्य हालसम्मकै उच्च**

सन् २०२५ मा सुन, चाँदी र ल्पेटिनमको मूल्य ऐतिहासिक विन्दुमा पुग्यो। डिसेम्बर २७ मा अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस चार हजार ५४५ अमेरिकी डलर नाघ्दा चाँदी प्रतिऔँस ७९ डलर नाघेको छ । यो हालसम्मकै उच्च मूल्य हो। पछिल्लो एक वर्षमा मात्रै चाँदीको मूल्य १४६ प्रतिशतभन्दा बढीले बढेको छ, जुन सन् १९७९ यताकै सबैभन्दा ठूलो वार्षिक वृद्धिदर हो। त्यस्तै, प्लेटिनमको मूल्य प्रतिऔँस दुई हजार पाँच सय नाघेको छ। ब्याजदर कटौती र भन्सार (ट्यारिफ) सम्बन्धी अनिश्चितताले सुन, चाँदी र प्लेटिनमको मूल्य यस वर्ष ऐतिहासिक उच्च विन्दुमा पुगेको हो।

- **सङ्कुचित श्रम बजार**

यो वर्ष विश्व श्रम बजारले सङ्कुचनको सामना ग¥यो । ठूला कम्पनीहरू महामारीपछिका वर्षहरूमा देखिएको आक्रामक भर्ती रणनीतिबाट पछि हटे । उम्मेदवारको मूल्याङ्कन गर्न बढी समय लिने, थप पृष्ठभूमि जाँच गर्ने र अन्तर्वार्ताको चरण लम्ब्याउने प्रवृत्ति बढ्यो। मानव संसाधन परामर्श संस्था रोबर्ट हाफका अनुसार ९३ प्रतिशत कर्मचारी भर्ती प्रबन्धकहरूले दुई वर्षअघिको तुलनामा अहिले भर्ती प्रक्रिया लामो भएको बताएका छन्।

भन्सार शुल्कसम्बन्धी नीतिका कारण आर्थिक अनिश्चितता बढ्नु, एआईको तीव्र प्रयोग, उच्च मुद्रास्फीति र ब्याजदरलगायतका कारण कम्पनीहरूले कर्मचारी कटौतीको रणनीति लिए । कम्पनीहरूले डिजिटल दक्षता, अनुकूलन क्षमता र एआईसँग काम गर्न सक्ने क्षमता भएका कर्मचारीलाई प्राथमिकतामा राखेको रोबर्ट हाफले उल्लेख गरेको छ। जसकारण औपचारिक डिग्रीभन्दा सीप र प्रत्यक्ष क्षमतामा आधारित भर्ती सन् २०२५ मा व्यापक बन्यो। आर्थिक सहकार्य तथा विकास सङ्गठन (ओइसिडी) ले भने यस वर्ष श्रमबजार सुधार उन्मुख देखिएको उल्लेख गरेको छ । बेरोजगारी दर सन् २०२२ अप्रिलयता पाँच प्रतिशतभन्दा कम रहेको ओइसिडीले जनाएको छ।

- **सहायता कटौतीको वर्ष**

सन् २०२५ मा उच्च आय भएका मुलुकहरूले वैदेशिक सहायता र विकास सहयोगका शीर्षकमा ठूलो रकम कटौती गरेसँगै विश्वव्यापी मानवीय सहायता प्रणाली सङ्कटमा परेको छ। संयुक्त राष्ट्रसङ्घ (युएन) ले यसलाई अन्तर्राष्ट्रिय मानवीय सहायताको क्षेत्रमा इतिहासमै सबैभन्दा ठूलो र तीव्र बजेट कटौतीका रूपमा व्याख्या गरेको छ । यस कटौतीका कारण मानवीय तथा आप्रवासनसम्बन्धी संस्थाहरू कमजोर बनेका छन् भने उनीहरूमा निर्भर लाखौँ मानिसको जीवन थप जोखिममा परेको छ।

सन् २०२५ को मध्यसम्म आइपुग्दा विश्वव्यापी मानवीय सहायता अघिल्लो वर्षको तुलनामा करिब ४० प्रतिशतले घटिसकेको माइग्रेसन पोलिसी इन्स्टिच्युटले उल्लेख गरेको छ । सहायता कटौतीको प्रत्यक्ष मार शरणार्थी र द्वन्द्व तथा प्राकृतिक विपत्तिबाट प्रभावित समुदायले भोगिरहेका छन्। खाद्य सहायता घटाइएको छ, स्वास्थ्य चौकीहरू बन्द भएका छन् र विपद्को जोखिम अझ बढेको छ। उदाहरणका लागि, म्यान्मास्थित विश्वकै सबैभन्दा ठूलो शरणार्थी बस्तीमध्ये एकमा सन् २०२५ को मध्यतिर अधिकांश विद्यालय अस्थायी रूपमा बन्द भए।

जनवरीदेखि सेप्टेम्बरसम्म ती बस्तीमा गम्भीर कुपोषण भएका बालबालिकाको संख्या ११ प्रतिशतले बढ्यो भने बालविवाह र बालश्रमका घटना पनि बढेको प्रतिवेदनहरूमा उल्लेख छ । त्यस्तै, अफ्रिकी मुलुक चाड र दक्षिण सुडानको सीमामा शरणार्थीहरू सुरक्षित स्थानमा सार्नका लागि आवश्यक यातायात खर्चसमेत नभएपछि हजारौँ मानिस सीमामै अलपत्र परे । केन्याको काकुमा शरणार्थी शिविरमा खाद्यान्न कोटा घटाइएपछि हिंसात्मक प्रदर्शन भए र त्यसको परिणामस्वरूप छ हजारभन्दा बढी दक्षिण सुडानी शरणार्थी आफ्नै असुरक्षित देश फर्किन बाध्य भए।

माइग्रेसन पोलिसी इन्स्टिच्युटका अनुसार सन् २०३० सम्ममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) लगभग निष्क्रिय बनेको अवस्थामा मात्रै एक करोड ४० लाखभन्दा बढी व्यक्ति प्रत्यक्ष प्रभावित हुनेछन्। यस वर्षको मानवीय सहायता कटौती केवल अमेरिका मात्र सीमित नभई क्यानाडा, बेलायत, इयुका देशहरू र दक्षिण कोरियाले पनि सहायता बजेट घटाएका छन्।

मानवीय सहायता रकम घटेसँगै त्यसको प्रभाव विभिन्न गैरसरकारी संस्थाहरूमा देखिन थालेको छ । संयुक्त राष्ट्रसङ्घीय निकाय युएनएचसिआरले आफ्नो बजेट एक चौथाइले घटाउने योजना बनाएको छ र अक्टोबरसम्म आइपुग्दा करिब पाँच हजार कर्मचारी बर्खास्त गरिसकेको छ। विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले सन् २०२६ सम्ममा २५ प्रतिशतभन्दा बढी कर्मचारी कटौती गर्ने तयारी गरिरहेको छ, जसका कारण छ हजारभन्दा बढी रोजगारी गुम्नेछन् । साना–ठूला सबैखाले गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरू पनि यही सङ्कटबाट गुज्रिरहेका छन्।

- **अर्बपतिको संख्यामा अभूतपूर्व वृद्धि**

विश्वका सबैभन्दा धनी व्यक्तिहरूको सम्पत्ति सन् २०२५ मा तीव्र रूपले बढेको छ । अमेरिकी बिजनेस म्यागजिन फोब्र्सका अनुसार यस वर्ष मात्र विश्वभर ३४० भन्दा बढी नयाँ अर्बपति थपिएका छन। अर्थात् लगभग दिनमा एकजना अर्बपतिको उदय भएको छ। यो वृद्धि मुख्य रूपमा अमेरिका, चीन, भारत, रुस लगायतका ठूला अर्थतन्त्रहरूमा देखिएको छ। विश्वभर १९ जना व्यक्ति अब 'सेन्टिबिलियनेयर' (सय अर्ब अमेरिकी डलरभन्दा बढी सम्पत्ति भएको व्यक्ति) बनेका छन्। यही डिसेम्बर १९ मा इलन मस्क ७०० अर्ब डलर सम्पत्ति पुग्ने पहिलो व्यक्ति बनेका छन्।

- **एआई दौडमा 'म्याग्निफिसेन्ट सेभेन'**

यो वर्ष विश्व प्रविधि बजारका लागि ऐतिहासिक मात्र नभई विवादास्पद वर्ष पनि बन्यो । कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) को वर्चस्व स्थापित गर्ने होडमा विश्वका ठूला प्रविधि कम्पनीहरू एप्पल, माइक्रोसफ्ट, अमेजन, अल्फाबेट, मेटा, एनभिडिया र टेस्ला अग्रपङ्क्तिमा देखिए। 'म्याग्निफिसेन्ट सेभेन' नामले चिनिने यी सात कम्पनीले पुँजीबजारमा उत्साह र त्रास उत्तिकै देखाए । वर्षान्तसम्म आइपुग्दा यी कम्पनीको कुल बजार पुँजीकरण करिब करिब २२ ट्रिलियन (२२० खर्ब) अमेरिकी डलर हाराहारी पुगेको थियो। जुन अमेरिकी सेयर बजारको करिब एकतिहाइ हिस्सा हुन जान्छ । वर्षको सुरुआतमै चिनियाँ स्टार्टअप 'डिपसिक' सबैभन्दा धेरै डाउनलोड हुने एप बनेपछि एआई क्षेत्रमा ठूलो तहल्का मच्चियो। किनकि कम लागतमा विकास गरिएको डिपसिकको 'आर–१' मोडेलले एनभिडियाका महँगा चिप र सफ्टवेयरमा आधारित एआई प्रणालीलाई ठाडो चुनौती दिएको थियो । डिपसिकको उदयले म्याग्निफिसेन्ट सेभेनको शेयर मूल्यमा गिरावट मात्र देखिएन गत अप्रिल ३ मा अमेरिकी पुँजीबजार वालस्ट्रिटमा सबैभन्दा ठूलो गिरावटसमेत देखियो । तर, गत जुलाईमा एमआइटीले 'द जेनेरेसन एआई डिभाइडः स्टेट अफ एआई इन बिजनेस–२०२५' सार्वजनिक गर्दै ९० प्रतिशतभन्दा बढी संस्थाले जेनेरेटिभ एआईबाट शून्य प्रतिफल पाएको दाबी गरेपछि प्रविधि सेयर हल्लियो । निकै कमजोर नतिजा देखाएको एआईले चाहिनेभन्दा बढी प्राथमिकता पाएको उक्त प्रतिवेदन सार्वजनिक भएसँगै त्यस्ता कम्पनीको शेयर मूल्य घट्न थाल्यो भने एनभिडिया ५० खर्ब डलर मूल्य पुग्ने विश्वकै पहिलो कम्पनी बन्यो । यही तीव्र उतारचढावका कारण एआई कम्पनीको पुँजीबजारलाई विश्लेषकहरूले 'पानीको फोका'सँग तुलना गरेका छन्।

- **अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीनजनालाई**

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले सन् २०२५ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीन अर्थशास्त्री जोएल मोकिर, फिलिप एघियोन र पिटर हाउइटलाई नवप्रवर्तनमा आधारित आर्थिक वृद्धिको व्याख्या गरेवापत प्रदान ग¥यो । जोएल मोकिरले प्रविधिका क्षेत्रमा भएको प्रगतिले कसरी दिगो आर्थिक वृद्धि सम्भव छ भन्ने विषयलाई व्याख्या गर्नुभएको थियो भने फिलिप एघियोन र पिटर हाउइटले 'सृजनात्मक विनाश' (क्रियटिभ डिस्ट्रक्सन)को सिद्धान्त विकास गरेका थिए । नयाँ प्रविधिले पुराना उत्पादन र प्रणालीलाई विस्थापित गर्दै दीगो आर्थिक वृद्धि, जीवनस्तर र समृद्धिको आधार तयार गर्ने तथा यसका लागि खुला समाज, प्रतिस्पर्धी र नवप्रवर्तनमैत्री वातावरण आवश्यक रहेको अर्थशास्त्रीहरूको निष्कर्ष छ। रासस

## भेडेटारमा तीन दिने खाना महोत्सव



**धरान।**

सुनसरी र धनकुटाको सिमानामा रहेको पर्यटकीय क्षेत्र भेडेटारमा आजदेखि १३औँ भेडेटार खाना महोत्सव शु्ुरु भएको छ।

ण्भेडेटार प्रकृतिको गहना, पर्यटन भित्र्याउने हाम्रो चाहना' भन्ने मूल नाराका साथ प्रत्येक वर्ष अङ्ग्रेजी नयाँ वर्षको अवसरमा होटल एसोसिएसन भेडेटारको आयोजनामा हुँदै खाना महोत्सव आगामी पुस १८ गतेसम्म सञ्चालन हुने छ।

महोत्सवको उद्घाटन कोशी प्रदेश सरकारका पर्यटन वन तथा वातावरणमन्त्री षडानन्द मण्डलले गर्नुभयो । महोत्सवमा अर्गानिक खेती प्रणालीबाट उत्पादित तरकारी तथा फलफूल, हस्तकला, कृषि औजार, घरेलु तथा साना उद्योगका उत्पादन तथा खानाका परिकार प्रदर्शनीमा राखिएको महोत्सवका आयोजक तथा होटल एसोसिएसन भेडेटारका अध्यक्ष तुमराज लिम्बूले जानकारी दिए।

महोत्सवमा आउने पर्यटकलाई भेडेटारका प्रमुख आकर्षण पर्यटकीयस्थल धरान उपमहानगरपालिका– ४ र साँगुरीगढी गाउँपालिका–६ को सीमामा रहेको स्काइ वाक, पाथीभरा मन्दिर, शङ्खेश्वर मन्दिर, नाम्जेको थुम्कीस्थित आत्माघर, सूर्योदय बौद्ध पार्क, सिम्सुवा झरना, ऐतिहासिक साँगुरी गढी, नाम्जेको होमस्टे तथा ध्वजे डाँडालगायत स्थानको अवलोकन गराइने अध्यक्ष लिम्बूले बताए।

महोत्सव ५० देखि ६० हजार पर्यटकले अवलोकन गर्ने र महोत्सवबाट दुई करोड रूपैयाँभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको छ।

## इजरायलद्वारा वेस्ट ब्याङ्कमा चार जना प्यालेस्टिनीलाई पक्राउ

इजरायली कब्जा बल ९आइओएफ० ले बुधबार कब्जा गरिएको वेस्ट ब्याङ्कमा छापा मारी चार प्यालेस्टिनी सर्वसाधारणलाई पक्राउ गरेको छ ।

आइओएफले तीनजना प्यालेस्टिनी युवाहरूलाई तुलकार्म प्रान्तको पूर्वमा रहेको काफ्र अल–लाबाद सहरमा उनीहरूको घरमा छापा मारेर पक्राउ गरेको वफा समाचार एजेन्सीले रिपोर्ट गरेको छ । आइओएफले बेइट फज्जर सहरमा एक जना प्यालेस्टिनीलाई पक्राउ गर्नुका साथै छिमेकमा अन्य धेरै घरहरूमा छापा मारेको जनाइएको छ ।



यी गिरफ्तारीहरू वेस्ट ब्याङ्क भरि आइओएफले गरेको दैनिक छापाको एक हिस्साको रूपमा आएको छ, जसमा प्यालेस्टिनीहरूलाई बारम्बार पक्राउ गरिन्छ र उनीहरूको घरमा छापा मारिन्छ। रासस

## आइसिसी पुरुष टि–२० विश्वकपको ट्रफी नेपालमा ल्याइने




**काठमाडौँ ।** भारत र श्रीलङ्कामा संयुक्त रुपमा आयोजना हुने आइसिसी पुरुष टि–२० विश्वकप २०२६ को ट्रफी टुर कार्यक्रम नेपालमा पनि हुने भएको छ । आगामी आगामी फेब्रुअरी ७ तारिखदेखि सञ्चालन हुने विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी जनवरी ५ देखि ७ तारिखसम्म नेपालमा हुने तय भएको नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा आज जारी विज्ञप्तिमा जनाएको छ । विज्ञप्तिमा उक्त ट्रफी टुर कार्यक्रमको विस्तृत विवरण, तालिका, स्थान तथा विभिन्न गतिविधिहरूको जानकारी भने अर्को प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिने जनाएको छ । टि–२० विश्वकपको ट्रफी पहिलोपटक नेपाल ल्याउन लागिएको हो । विश्वकपमा नेपाल समूह 'सी'मा परेको छ । नेपालको समूहमा इङ्ल्यान्ड, वेस्ट इन्डिज, इटाली र बङ्गलादेश छन् । रासस

# आगामी जेठमा एभरेष्ट टुरिजम अवार्ड र विश्व शान्ति सम्मेलन

एएमएस म्युजिक एण्ड इन्टरटेनमेन्ट प्रालिको आयोजनामा आगामी जेठ १५ गते दोस्रो 'एभरेष्ट टुरिजम अवार्ड, २०२६' तथा 'विश्व शान्ति सम्मेलन' आयोजना हुने भएको छ ।

अन्तरराष्ट्रिय सगरमाथा दिवसको अवसरमा दिगो पर्यटन, कला, संस्कृति र हिमाल संरक्षणमा योगदान गर्ने व्यक्तित्व तथा संस्थालाई सम्मान उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको मङ्गलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाकी अध्यक्ष सत्यकला तामाङ लामाले जानकारी दिए ।

'अवार्ड कार्यक्रम नेपालको पर्यटन, कला, संस्कृति र हिमाल संरक्षणलाई एउटै मञ्चमा अभियानमा जोड्ने अभियान हो, दिगो पर्यटनबिना हिमाल बचाउन सकिँदैन, हिमाल नरहने हो भने नेपालका पर्यटनको पहिचान पनि रहँदैन,' उनले भने । गत वर्ष आयोजना गरिएको पहिलो अवार्ड कार्यक्रम सफल भएपछि यस वर्ष पनि निरन्तरता दिइएको उनको भनाइ थियो । उनका अनुसार गत वर्ष पर्यटन क्षेत्र विभिन्न विधामा महत्वपूर्ण योगदान दिने व्यक्तित्व तथा संस्थाहरुलाई सम्मान गरिएको थियो ।

कार्यक्रमका प्रमुख सल्लाहकार नामगेल शेर्पाले पर्वतारोही, आइसफल डाक्टर, मजदुर, पत्रकार, समाजसेवी, अनुसन्धानकर्तालगायतलाई सो अवसरमा सम्मान गरिने बताए । यसका लागि निर्णयक मण्डल गठन गरिएकोसमेत उनको भनाइ थियो । अवार्ड कार्यक्रममा राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका विभिन्न व्यक्तिहरुको उपस्थिति रहने उनको भनाइ थियो ।

कम्पनीका प्रबन्ध निर्देशक फुर्बा ग्याल्बो मोक्तानले विश्व शान्ति सम्मेलदनबारे जानकारी दिदैँ त्यस अवसरमा जलवायु सङ्कटबाट परेको असरबारे आवाज उठान गरिने बताए । 'जलवायु सङ्कटका साझा चुनौतीबारे आवाज उठाउनु समिटको मुख्य उद्देश्य हुनेछ, सम्मेलनमार्फत हामीले नेपालबाट जलवायु परिवर्तनका कारण परेको असरबारे विश्वलाई जानकारी दिने छौँ ।'

सल्लाहकार महेश किरातीले पहिलो पटक सगरमाथा आरोहण भएको दिनको सम्झनामा दुवै कार्यक्रम आयोजना गरिएको बताए । उक्त दिन पर्वतारोहणका लागि एतिहासिक दिन मात्रै नभइ नेपाली गौरव, मानव साहासको सुरुआत पनि भएको उनको भनाइ थियो । सन् १९५३ मे २९ मा सर एड्मन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पा पहिलोपटक सगरमाथाको शिखर पुगेका थिए । सोही दिनको सम्झनामा उक्त दिवस मनाइँदै आइएको छ । रासस

# 'न्यायालयप्रतिको भ्रामक र मिथ्या सूचना तत्काल रोकियोस्'

**काठमाडौँ।** नेपाल बार एशोसिएसनले प्रविधिको दुरूपयोग गरी भ्रामक, मिथ्या सूचनाहरू एवं घृणाले भरिएका अभिव्यक्तिहरू, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रसारणको कार्य भइरहेको भन्दै गम्भीर आपत्ति जनाएको छ।

बारको आज बसेको कार्यसमिति, पूर्वअध्यक्ष, महासचिव, उपलब्ध बार एकाइका पदाधिकारीसहितको बैठक महासचिव केदारप्रसाद कोइरालाले जारी गरेको १४ बुँदे सुझावसहितको प्रेस विज्ञप्तिमा आपत्ति जनाएको हो।

विज्ञप्तिमा भनिएको छ, 'केही समयदेखि अदालत, न्यायाधीशहरू र कानून व्यवसायीप्रति लक्षित सामाजिक सञ्जालका पेजहरू र विभिन्न प्रकारका सञ्चारमाध्यममार्फत सूचना प्रविधिको दुरूपयोग गरी भ्रामक, मिथ्या सूचना एवम् घृणाले भरिएका अभिव्यक्तिहरू, धम्की, चरित्र हत्या र दुष्प्रचार प्रकाशन तथा प्रसारणको कार्य भइरहेकोप्रति बारकोगम्भीर आपत्ति रहेको छ।'

बारले अदालतप्रति तथ्यहीन अनावश्यक टिप्पणी र अतिरञ्जन पूर्ण अभिव्यक्तिहरू एवं प्रमाणविहीन आरोपलाई स्वयं सूचना लिइ शीघ्र कानूनको शासनको प्रत्याभूति दिलाउन सम्बन्धित सम्पूर्ण निकायसमक्ष जोडदार माग गरेको छ। 'समग्र न्यायप्रणाली, न्यायाधीश र कानून व्यवसायीउपर भ्रामक, कपोलकल्पित र सतही आरोप लगाई न्याय क्षेत्रको तेजोबध गर्ने क्रियाकलाप भइरहेको र कानूनको रक्षक नेपाल सरकार यस कार्यको मुकदर्शक भई यस्ता कार्यलाई प्रश्रय दिइरहेको घटनाको भत्र्सना गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'यसप्रकारको कार्यमा न्यायक्षेत्रका व्यक्ति, पूर्वन्यायाधीश, बहालवाला कर्मचारी, कानून व्यवसायी र विभिन्न व्यक्तिहरूको संलग्नता देखिएकाले तत्तत् क्षेत्रका नियामक निकाय र कानून कार्यान्वयन गर्ने निकायलाई उल्लिखित कार्य नियन्त्रण गर्न बार अनुरोध गर्दछ।'

बारले न्यायक्षेत्रलाई नियोजित रूपमा कमजोर पारी कानूनी शासनलाई विफल तुल्याउने उद्देश्यले भएको यसप्रकारको कार्य अविलम्ब रोक्न सबै पक्षसँग अनुरोध गरेको छ।

बारले भनेको छ, 'न्यायपालिकाको सुधार सम्बन्धमा न्यायपालिकाको विभिन्न समयका आफ्नै प्रतिवेदनले स्वीकार गरेको तथ्यप्रति सचेत रहँदै, यसअघिका बारको राष्ट्रिय सम्मेलन, कार्यकारी परिषद्को बैठक र साधारणसभाद्वारा अदालत सुधारका विषयमा बारलाई निर्देशित भएका विषय कार्यान्वयनार्थ हामी निरन्तर लागिरहेका छौँ ।' तथ्यपरक, प्रमाणिक, स्वस्थ टिप्पणी, आलोचना र प्रश्नहरू तथा प्राज्ञिक अध्ययन र सिफारिसहरू मर्यादित सीमाभित्र रही गर्न पाउनुपर्छ भन्नेबारे दृढ रहेको उल्लेख गर्दै बार संस्थागत पारदर्शितासहितको उत्तरदायी न्यायपालिकाका पक्षमा रहेको जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि प्रणाली बनाइन्न यो क्रमशः विकसित हुँदै जान्छ, यसका लागि सामाजिक आवश्यकताअनुरूप परिवर्तनका आकांङ्क्षाको बोधगम्य, गतिशील र वैध सम्बोधनले मात्र प्रणाली बलियो बनाउँछ भन्ने विश्वव्यापी मान्यतामा हामी विश्वास राख्दछौँ, साथै संस्थागत आन्तरिक एकता र सहकार्यको अपेक्षा गर्दछौँ।'

बारले कानूनी शासनको न्यूनतम् शर्त भयमुक्त र स्वतन्त्र न्यायपालिका भएको र बारका साथै न्यायपालिकामाथि सुरुमा भौतिक आक्रमण गरेर र हालका दिनमा विभिन्न माध्यमबाट भय र त्रास सिर्जना गरी निर्देशित र नियन्त्रित न्यायपालिका सञ्चालन गर्ने नियतको भत्र्सना गरेको छ।

'दण्डहीनता अन्त्य गर्ने, अराजकता रोक्ने र भयरहित समाजको सिर्जना गर्ने प्रथम एवं प्राथमिक दायित्व राज्य र सरकारको हो,' विज्ञप्तिमा भनिएको छ, 'विगतलाई दोषारोपण गरेर दायित्वहीन हुने, अदालतको जनआस्थामा ह्रास पैदा गराउने, त्यसतर्फ सङ्गठित रूपले सक्रिय भएकाप्रति मुकदर्शक भएर त्यसलाई मलजल गर्ने सरोकारवाला निकायको कार्यविहीनताको हामी कडा शब्दमा विरोध गर्दछौँ ।' लोकतन्त्र, मानव अधिकार, कानूनको शासन र स्वतन्त्र न्यायपालिकाको रक्षार्थ नेपाल बार एशोसिएसन प्रतिबद्ध रहेको उल्लेख गर्दै बारले उल्लेखित विषयका सम्बन्धमा विविध कार्यक्रमकासाथ सम्पूर्ण सरोकारवालालाई परिचालित हुन अनुरोध गरेको छ । स्थिति थप बिग्रन नदिन बारले तत्काल राष्ट्रपति र प्रधामन्त्रीसँग भेटघाट गरी ज्ञापनपत्र बुझाइने कार्ययोजना रहेको महासचिव कोइरालाले जानकारी दिए।

साथै, बारले दीर्घकालीन रूपमा समस्या निदान गर्न प्राध्यापक, शिक्षक, पत्रकार, चिकित्सक, इञ्जिनियरसहितको पेसागत सञ्जाललाई सक्रिय हुन आह्वान गरी कार्यक्रम आयोजना गरिने जनाएको छ । त्यस्तै, न्यायक्षेत्रको संवेदनशीलतामा ध्यान दिँदै विकृति विसङ्गतिविरुद्ध आवश्यक सुधारका लागि बार निरन्तर लागिरहेको जनाएको छ।

बारले हालका दिनमा समग्र न्याय क्षेत्रउपर सामाजिक सञ्जालमार्फत भइरहेको आक्रमण, अदालतका न्यायाधीश एवं बारमा आबद्ध कानून व्यवसायीको नाम नामेसी तस्वीर आदि राखी भइरहेको प्रचारबाजी एवं समग्र परिस्थितिका सम्बन्धमा मूल्याङ्कन गरी स्पष्ट धारणा तयार गरिएको बारका महासचिव कोइरालाले बताए। रासस

# राप्रपा र राप्रपा नेपालबीच एकीकरण

**काठमाडौँ ।** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालबीच आज एकीकरण भएको छ । यहाँ आज आयोजित एकतासभामा दुवै पार्टी एकीकृत भएको घोषणा गरिएको हो ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीले उठाउँदै आएका सुशासन, हिन्दू राष्ट्रलगायत मुद्दा स्थापित गर्न राष्ट्रवादी शक्तिहरूबीच ध्रुवीकरण शुरु गरिएको बताउँदै आगामी दिनमा वैचारिक दृष्टिकोण निकट दलहरुसँग एकता गरिने बताए ।

ठूला राजनीतिक दलले सत्ता केन्द्रित राजनीति गरेका कारण नेपाली समाजमा उत्पन्न चरम निराशालाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिँदै उनले आफ्नो पार्टीले जनतालाई आश्वस्त गर्दै मुलुकमा विद्यमान सङ्कटको समाधान गर्नसक्ने विचार व्यक्त गरे । राप्रपा नेपालका अध्यक्ष कमल थापाले पार्टीले लिएका राजनीतिक मुद्दा सङ्कटमा परेकाले आफू राप्रपामा फर्किएको बताउँदै देशमा निरन्तर रूपमा विकसित निषेधको राजनीति, चरम भ्रष्टाचार, बेरोजगारी, संवैधानिक अङ्गमाथिको हस्तक्षेपविरुद्ध आफू क्रियाशील हुने प्रतिबद्धता व्यक्त गरे ।

पार्टीका पूर्वअध्यक्ष डा प्रकाशचन्द्र लोहनीलगायत शीर्ष नेताहरूले दुई पार्टीबीचको एकताप्रति खुसी व्यक्त गर्दै असफल संविधान र संवैधानिक व्यवस्थाबाट मुलुकलाई जबर्जस्त अगाडि बढाउन नहुनेमा जोड दिए । उनीहरुले यथास्थितिमा निर्वाचनमा जाँदा मुलुक थप द्वन्द्वमा धकेलिने धारणा राख्दै राजनीतिक दल, जेनजी र परम्परागत शक्तिको प्रतिनिधिबीच छलफल गरी सहमति गर्नुपर्ने बताए । एकीकरणपश्चात् अध्यक्ष लिङ्देनपछि दोस्रो वरियता क्रममा थापालाई राखिएको छ ।

# निजी क्षेत्रको मनोबल उकास्न सरकार प्रतिबद्ध

**काठमाडौँ ।** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले निजी क्षेत्रको खस्केको मनोबल उकास्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा बिहीबार आयोजित 'शान्ति स्थायित्व र समृद्धिका लागि सहकार्य–सामूहिक पहल' विषयक कार्यक्रममा अर्थमन्त्री खनालले जेन्जी प्रदर्शनका क्रममा निजी क्षेत्रले पनि ठूलो क्षति व्यहोरेको उल्लेख गर्दै अर्थमन्त्री खनालले निजी क्षेत्र थप मनोबलका साथ उठ्न आवश्यक रहेको बताए । उनले अहिले आर्थिक सूचक सकारात्मक दिशामा रहे पनि लगानी बढ्न नसकेको स्वीकारे ।

'चालु खाता बचतमा छ । शोधनान्तर बचतमा छ । बैंक वित्तीय संस्थामा पर्याप्त तरलता छ । ब्याजदर र मुद्रास्फीति घटेको छ । तर पनि कर्जा लगानी बढ्न सकेन,' खनालले भने ।

निजी क्षेत्रको सम्पत्ति राज्यको पनि सम्पत्ति रहेको उल्लेख गर्दै उनले यसको सुरक्षा सबैको दायित्व रहेको प्रष्ट पारे । 'निजी क्षेत्र अर्थतन्त्रको इञ्जिन हो ।

यसलाई आफ्नो ढङ्गले काम गर्न दिनुपर्छ । निजी क्षेत्रले सिर्जना गरेको सम्पत्ति राज्यको पनि सम्पत्ति हो,' उनले भने, 'मुलुकभित्र जुनसुकै क्षेत्रबाट लगानी हुनु भनेको राज्यका लागि भएको लगानी हो । त्यसमा क्षति हुनु भनेको मुलुककै सम्पत्ति माथिको क्षति हो भनेर राजनीतिक दलका कार्यकर्ताले पनि बुझ्न जरुरी छ ।'

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिल कुमार सिन्हाले आर्थिक समृद्धिका लागि शान्ति र स्थायित्व पूर्वशर्त हुने बताए । 'समृद्धि हासिल गर्न शान्ति चाहियो । त्यसका लागि स्थिर र बलियो सरकार चाहिन्छ । चुनाव पछि एउटै दलले स्थिर सरकार बनाउन सकेन भने पनि अरु दल मिलेर स्थायित्वसहितको वातावरण आवस्यक छ,' उनले भने ।



# श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

**वीरगंज म.न.पा -०८, पानीटंकी**


## कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने अत्यन्तै जरूरी सूचना

**( दोश्रो पटक प्रकाशित मिति:२०८२/०९/१७)**

**टेलिफोन नं-०५१-५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०९/१७ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक -पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने दोश्रो सार्वजनिक सूचना प्रकाशित गरिएको छ | यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा ,ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ |यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

### तपशील

| क्र.स. | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नाम: हरिचन्द्र प्रसाद कुर्मी<br>बुबा :ब्रम्हा राउत कुर्मी<br>बाजे : सरजुग राउत कुर्मी<br>ठेगाना : सखुवा प्रसौनी -३ (कौवावनकटैया)<br>ना.प्र.नं :२८३/४५८००८९२<br>जारी मिती: २०४४/१२/०३<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | हरिचन्द्र प्रसाद कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला कौवावनकटैया वडा नं ५ कित्ता नं.३८,१०,७९३ को क्षेत्रफल ०-०-१३-०,०-०-१४-०,०-१९-१०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| २. | नाम:प्रेम राउत कुर्मी<br>बुबा : हरिहर राउत कुर्मी<br>बाजे : भोला राउत कुर्मी<br>ठेगाना : पर्सागढ़ी-४ (वर्वाटाडी)<br>ना.प्र.नं :१५८८१८०९<br>जारी मिती: २०४३/०९/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | प्रेम राउत कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरुवागुठी वडा नं -७,४ को कित्ता नं -२९८,२३२ को क्षेत्रफल ०-०-१२-०,०-५-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ३. | नाम: जनकिया देवी<br>पति : सुरेश महतो<br>ससुरो :बाबुलाल महतो<br>बुबा : टहल महतो धानुक<br>ठेगाना : पर्सागढी -४ (हरदासपुर)<br>ना.प्र.नं :३४-०१-६९-०४७०६<br>जारी मिती:२०६९/१०/०७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | जनकिया देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला पचरुखी वडा नं ५ कित्ता नं.६२६ को क्षेत्रफल ०-४-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |

| क्र.स. | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| ४. | नाम:हिरमतिया हजामिन<br>पति : शिवचन्द्र ठाकुर<br>ससुरो : बंशी ठाकुर<br>बुबा : शिवबालक ठाकुर<br>ठेगाना : वीरगंज-१४<br>ना.प्र.नं :३०९९<br>जारी मिती:२०४६/०३/०८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | हिरमतिया हजामिन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला मजडिहा पिप्रा वडा नं ३ कित्ता नं.४०६ को क्षेत्रफल ०-०-६-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ५. | नाम:रामबालक राउत अहिर<br>बुबा :वासुदेव राउत अहिर<br>बाजे:अनवत राउत अहिर<br>ठेगाना:बहुदरमाई -२ (बैरियाबिर्ता ढा.पु)<br>ना.प्र.नं:०५६४३२७३<br>जारी मिति:२०४५/०१/०९<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | रामबालक राउत अहिर को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला वैरियाबिर्ता दा.पु.वडा नं ४,५ कित्ता नं.५४०,५१७ को क्षेत्रफल ०-१-४-५,०-१-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ६. | नाम:महापती देवी<br>पति : जगमोहन राउत अहिर<br>ससुरो :महावीर राउत अहिर<br>बुबा :मथुरा राउत अहिर<br>ठेगाना : बहुदरमाई-४(बहुअरी पिडरी)<br>ना.प्र.नं :०५१८२८९८<br>जारी मिती:२०६२/०१/१६<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | महापति देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं ७ कित्ता नं.५९३ को क्षेत्रफल ०-१-७-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ७. | नाम:जैसवा खातुन<br>पति : धनई मिया अंसारी<br>ससुरो : साहेवा मिया<br>बुबा : ओलिमन मिया<br>ठेगाना : सखुवा प्रसौनी -४ (देवरवाना)<br>ना.प्र.नं :४५८००११४<br>जारी मिती:२०३६/०१/१८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | जैसवा खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला देउरवाना वडा नं ६ कित्ता नं.२८४ को क्षेत्रफल ०-१-०-७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ | अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ | उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन | उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ |

# नवनियुक्त मन्त्री पटेलद्वारा कर्मचारीलाई निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका नवनियुक्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेलले मन्त्रालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीलाई औपचारिकता पूरा गर्ने मात्र शैलीमा काम नगर्न कडा निर्देशन दिएका छन् । शपथग्रहणपछि मन्त्रालयमा आयोजित कर्मचारीहरूसँगको परिचयात्मक तथा ब्रिफिङ कार्यक्रममा बोल्दै उनले परिणाम देखिने गरी जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिएका हुन् ।



मन्त्री पटेलले मधेश प्रदेश कृषिमै निर्भर रहेको उल्लेख गर्दै किसानका समस्या समाधानमा कुनै पनि प्रकारको लापरवाही सह्य नहुने स्पष्ट पारे । उनका अनुसार मलखाद्यको अभाव, सिँचाइ समस्या, उत्पादन लागत वृद्धि र बजार व्यवस्थापनको कमजोरीले मधेशका किसानहरू गम्भीर समस्यामा परेका छन् । 'किसानका समस्या धेरै छन् । ती समस्या समाधान हुने गरी काम हुनुपर्छ,' उनले भने, 'म भाषणभन्दा कामलाई प्राथमिकता दिन्छु । त्यसैले हरेक कर्मचारीले जिम्मेवारीबोधका साथ नतिजामुखी काम गर्नुपर्छ ।' कृषि क्षेत्रमा देखिने ढिलासुस्ती, फाइलमै सीमित काम र कागजी प्रक्रियामै अल्झिने प्रवृत्तिप्रति असन्तुष्टि जनाउँदै मन्त्री पटेलले झारो टार्ने हिसाबले गरिने काम आफूलाई स्वीकार्य नहुने चेतावनी दिए ।

मधेश प्रदेशलाई कृषिमा देशकै नमुना प्रदेशका रूपमा विकास गर्ने लक्ष्य रहेको उल्लेख गर्दै उनले त्यसका लागि नीति निर्माणदेखि कार्यान्वयनसम्म इमान्दार र सक्रिय हुनुपर्नेमा जोड दिए । 'मधेश कृषिमा निर्भर प्रदेश हो । यहाँको समृद्धि किसानसँग जोडिएको छ,' उनले भने, 'किसानका समस्या सहज रूपमा समाधान हुने वातावरण बनाउन मन्त्रालय र मातहतका निकायले दत्तचित्त भएर काम गर्नुपर्छ । कुनै पनि प्रकारको लापरवाही सहन हुँदैन ।'

कार्यक्रममा मन्त्रालयका विभिन्न महाशाखा, शाखा तथा मातहतका कार्यालयका कर्मचारीहरूले प्रदेशको वर्तमान कृषि अवस्था, किसानले भोगिरहेका समस्या, चालु कार्यक्रम तथा आगामी प्राथमिकताबारे मन्त्री पटेललाई जानकारी गराएका थिए ।

कर्मचारीहरूले मलखाद्य आपूर्ति, सिँचाइ विस्तार, आधुनिक कृषि प्रविधिको प्रयोग, सहकारी व्यवस्थापन र भूमि व्यवस्थापनसम्बन्धी चुनौतीहरूबारे समेत ब्रिफिङ गरेका थिए ।

# बिहारबाट ७ महिला तथा बालबालिकाको उद्धार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतको बिहार राज्यका विभिन्न स्थानबाट ७ जना महिला तथा बालबालिकालाई उद्धार गरिएको छ । बालश्रममा लगाउने, भिख माग्न बाध्य पार्ने तथा विवाहको झुठो प्रलोभन दिएर मानबचविखनका लागि भारत पु¥याइएको अवस्थामा उनीहरूलाई उद्धार गरिएको किन इण्डियाका प्रतिनिधि नवीन जोशीले जानकारी दिए ।

रोटरी क्लब अफ पाटन दरबार स्क्वायर, रोटरी क्लब अफ बानेश्वर, शुभ अवसर ग्राम नेपाल, नेपाल प्रहरी तथा अन्य संघ–संस्थाको सहकार्यमा ती महिला तथा बालबालिकालाई बिहारका विभिन्न जिल्लाबाट उद्धार गरिएको उनले बताए ।

उद्धार गरिएकामध्ये सप्तरीको डाक्रेश्वरी गाउँपालिका–३ का १६ वर्षीय मोहम्मद अजिज मियाँ, सप्तरीको शम्भुनाथ नगरपालिका–९ की १५ वर्षीया ज्योती मुखिया तथा रौतहटको चन्द्रपुर नगरपालिका–२ का १४ वर्षीय निमेष माझीलाई बिहारको दरभंगाबाट उद्धार गरिएको हो । त्यस्तै, धनुषाको दरखोरिया बिर्ताका १४ वर्षीय विष्णु सदा र १० वर्षीय सुरज सदालाई मधुवनीबाट उद्धार गरिएको छ । यसैगरी सप्तरीको मानराजा क्षेत्रका ११ वर्षीय बचनकुमार सदाय र बारा जिल्लाको कलैया उपमहानगरपालिका–१४ की ३३ वर्षीया संगिता कुमारी जयसवाललाई बिहारको पूर्णियाबाट उद्धार गरिएको जनाइएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी गोविन्द थपलियाका अनुसार सानै उमेरमा घर छोडेर बाहिर जाने प्रवृत्ति पछिल्लो समय बढ्दै गएको छ, जसले बालबालिका मानबचविखनको जोखिमलाई थप जटिल बनाएको छ ।

'मधेश प्रदेशमा बालबालिका हराएको उजुरी दैनिक रूपमा आउने गरेका छन्,' उनले भने, 'तर समयमै उजुरी नआउँदा हराएका बालबालिकाको खोजी र उद्धारमा कठिनाइ हुने गरेको छ ।'

प्रहरीले अभिभावकलाई बालबालिकाको गतिविधिमा विशेष ध्यान दिन, शंकास्पद व्यक्ति वा गतिविधि देखिएमा तुरुन्त प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ । साथै, सीमा क्षेत्रमा निगरानी थप कडा बनाउँदै मानबचविखनविरुद्ध संयुक्त प्रयास आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

# डिजिटल वालेटको माध्यमले ठगी गर्ने गिरोह पक्राउ

**जनकपुरधाम ।**
सर्वसाधारणको नाम दुरुपयोग गरी अनधिकृत रूपमा डिजिटल वालेट सञ्चालन गर्दै ठगी गर्ने संगठित गिरोहलाई धनुषा प्रहरीले पक्राउ गरेको छ । वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका व्यक्तिहरूले आफन्तका नाममा पठाएको रेमिट्यान्स झिक्न आएका सेवाग्राही महिलालाई लक्षित गरी ठगी गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।



प्रहरीका अनुसार रेमिट्यान्स झिक्न थप कागजात आवश्यक पर्ने बहानामा सेवाग्राहीको फोटो र नागरिकताको प्रतिलिपी संकलन गरी त्यसको दुरुपयोग गरिएको थियो । संकलित विवरण प्रयोग गरी अनधिकृत रूपमा डिजिटल वालेट तथा एकाउन्ट खोल्ने र ती एकाउन्टहरू ठगी गर्ने समूहलाई बिक्री–वितरण गरिएको थियो ।

सूचनाका आधारमा खटिएको विशेष प्रहरी टोलीले सूक्ष्म अनुसन्धानपछि धनुषा जिल्लाका विभिन्न स्थानबाट गिरोहका मुख्य सदस्यसहित ६ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुगम बहादुर कुँवरले जानकारी दिए ।

पक्राउ पर्नेहरूमा धनुषाधाम नगरपालिका–९ धारापानी चौकस्थित 'मामा भान्जा ट्रेडर्स' (रेमिट्यान्स काउन्टर) का सञ्चालक विनोद भन्ने विशाल भुजेल, दीपशिखा मोबाइल पसलका सञ्चालक सन्तोष मण्डल, धनौजी गाउँपालिका–२ का साधु राम, जनकपुरधामको शिवचोकमा डेरा गरी बस्ने बलराम मण्डल, धनौजी–२ का रूपेश कुमार साह र निक्की कुमार राम रहेका छन् ।

अनुसन्धानका क्रममा रेमिट्यान्स काउन्टरका सञ्चालक भुजेलले सेवाग्राहीको कागजात दुरुपयोग गरी डिजिटल एकाउन्ट खोल्न मोबाइल पसल सञ्चालक मण्डललाई प्रति एकाउन्ट १५ सयदेखि २ हजार रुपैयाँसम्ममा विवरण उपलब्ध गराउने गरेको खुलेको छ । मोबाइल पसलबाट एउटै व्यक्तिको नाममा आवश्यकताभन्दा बढी सिम दर्ता गरी ती सिममार्फत डिजिटल वालेट खोल्ने र साधु रामजस्ता ठगी समूहलाई ६ हजारदेखि १० हजार रुपैयाँसम्ममा बिक्री गर्ने गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार साधु रामले ती एकाउन्टहरू आफ्नै मोबाइलमा लगइन गरी अन्य ठगहरूलाई 'ट्रान्सफर कोड' पठाउने, ठगीबाट आएको रकम सोही एकाउन्टमा मगाई कमिसन लिएर बाँकी रकम बाँडफाँड गर्ने गरेका थिए । यस्तै, सामाजिक सञ्जालमा नक्कली प्रोफाइल बनाएर लत्ताकपडा, फर्निचर, मोटरसाइकल लगायतका फोटो–भिडियो पोस्ट गरी सर्वसाधारणलाई प्रलोभनमा पार्ने काम रूपेश साह र निक्की रामले गर्दै आएको खुलासा भएको छ ।

प्रहरीले गिरोहबाट १९ थान मोबाइल फोन, ४ थान ल्यापटप, १ थान ट्याबलेट, ठगीमा प्रयोग भएका २० थान सिम, ५५ थान सिम कभर तथा ३ थान इन्टरनेट राउटर बरामद गरेको छ । अनुसन्धानका क्रममा विभिन्न व्यक्तिका नाममा खोलिएका डिजिटल एकाउन्टमार्फत हालसम्म ३९ लाख २० हजार ६५ रुपैयाँ बराबरको कारोबार भएको खुलेको एसपी कुँवरले बताए । धारापानी क्षेत्रका २९ जनाको नाममा खोलिएका एकाउन्टमा करिब ४ लाख रुपैयाँ हाल 'ब्लक' अवस्थामा रहेकोसमेत प्रहरीले जनाएको छ ।

पक्राउ परेकाविरुद्ध हालसम्म ३ जनाले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएका छन् । घटनामा मुलुकी अपराध संहिता २०७४ अन्तर्गत ठगी, आपराधिक लाभ (एक्सटर्सन), बैंक तथा वित्तीय कारोबारसम्बन्धी कसुर तथा संगठित अपराध निवारण ऐनअन्तर्गत मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । कसुर प्रमाणित भए सात वर्षसम्म कैद, जरिवाना, बिगो जफत तथा पीडितलाई क्षतिपूर्ति भराउने कानुनी व्यवस्था रहेको जनाइएको छ ।

प्रहरीले सर्वसाधारणलाई रेमिट्यान्स झिक्दा, सिम कार्ड वा डिजिटल सेवा लिँदा कागजात दुरुपयोग हुन सक्ने भन्दै अत्यन्त सचेत रहन आग्रह गरेको छ । अनावश्यक फोटो वा कागजात नदिन, शंकास्पद गतिविधि देखिए तत्काल प्रहरीलाई जानकारी दिन पनि अनुरोध गरिएको छ ।

# कृषिलाई पहिलो प्राथमिकतामा राखेका छौँः मुख्यमन्त्री

**धनुषा ।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले कृषि क्षेत्रलाई प्रदेश सरकारले पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताएका छन् । नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशले मुख्यमन्त्रीको स्वागतमा लालगढमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा उनले कृषिसम्बन्ध कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने बताए ।



'मधेशलाई समृद्ध बनाउन कृषिको आधुनिकीकरण आवश्यक छ,' मुख्यमन्त्री यादवले भने, 'त्यसैले दुई वर्षभित्र सम्पन्न हुनेगरी सिँचाइसम्बन्धी आयोजना अघि बढेका छन् ।' सिँचाइसँगै आधुनिक कृषि प्रणाली अवलम्बन गर्न किसानलाई सहयोगका कार्यक्रम विस्तार गरिने उनले जानकारी दिए ।

मधेश कृषिका लागि उर्बर भए पनि खेतीपातीका लागि आवश्यक संसाधन नहुँदा किसानले अपेक्षित उत्पादन लिन नसकेका मुख्यमन्त्री यादवको ठम्याइ छ । अब प्रदेश सरकारको ध्यान कृषि संसाधन जुटाउँदै किसानलाई सहयोग गर्नेमा केन्द्रित हुने उनले बताए ।

मुख्यमन्त्री यादवले मधेशको शिक्षा र स्वास्थ्य अवस्था उक्साउन विशेष योजनाका साथ काममा लाग्न जरुरी रहेको उल्लेख गरे । यसैगरी प्रदेशकै मध्यमा पर्ने बर्दिबासबाट ढल्केबरसम्म पर्यटन पूर्वाधारका विशेष योजना बनाइने उनले जानकारी दिए ।

समारोहमा कार्यक्रम आयोजक महासङ्घ मधेश प्रदेश समितिले मुख्यमन्त्री यादवलाई सम्मानपत्र प्रदान गरेको छ । कार्यक्रम महासङ्घ मधेश प्रदेश अध्यक्ष हीरालाल गौतमको अध्यक्षतामा सम्पन्न भएको हो ।

# प्रदेश सरकारको आम्दानीमा वृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८३ को पहिलो पाँच महिनामा खर्चभन्दा तीन गुणाभन्दा बढी आम्दानी गर्न सफल भएको छ । चालु आवका लागि दुई अर्ब रुपैयाँ घाटा बजेट ल्याएको मधेश प्रदेश सरकारले साउनदेखि मंसिर मसान्तसम्म ८ अर्ब ७६ करोड ५४ लाख ७३ हजार २७२ रुपैयाँ विभिन्न शीर्षकमा राजस्व संकलन गरेको हो । यो रकम मधेश सरकारले खर्च गरेको रकमभन्दा ३.३८ गुणा बढी हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेशका अनुसार चालु आवको मंसिर मसान्तसम्म कुल विनियोजित बजेटको ५.५२ प्रतिशत मात्र खर्च हुन सकेको छ । जसमा चालु तर्फ १२.१५ प्रतिशत र विकास बजेट अर्थात् पूँजीगततर्फ १.८५ प्रतिशत मात्र खर्च भएको हो ।

मधेश सरकारले चालु आवका लागि ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ विनियोजन गरेकोमा २ अर्ब ५९ करोड २६ लाख ४९ हजार ५७७ रुपैयाँ मात्र खर्च गर्न सकेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

# पुस १९ गते पर्सागढी उत्सव

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको पर्सागढीमा २११ औँ पर्सागढी विजय उत्सव पुस १९ गते मनाइने भएको छ । पर्सागढी नगरपालिका, पर्सागढी मन्दिर व्यवस्थापन समिति र श्रीजंग गण वीरगंजको संयुक्त आयोजनामा उत्सव आयोजना गर्न लागिएको हो । पर्सागढी मन्दिर परिसरमा आयोजित पत्रकार सम्मेलनमार्फत विजय उत्सवको तयारीबारे जानकारी दिइएको छ । कार्यक्रममा पर्सागढी नगरपालिका स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख नारायण पौडेलले सन् १८७१ साल पुस १८ र १९ गते इस्ट इन्डिया कम्पनीको ब्रिटिस सेनासँग भएको लडाइँमा नेपालले हासिल गरेको विजयको स्मरणमा हरेक वर्ष पुस १९ गते विजय उत्सव मनाइँदै आएको जानकारी दिए । उनका अनुसार ऐतिहासिक लडाइँ पर्सागढीकै स्थानीय रञ्जित चौधरीको नेतृत्वमा लडिएको थियो । विजय उत्सवका अवसरमा विद्यार्थीहरू झाँकीसहित खुकुरी नाच, नेपाली सेनाको ब्याण्ड बाजा, स्थानीय थारू संस्कृतिको नाच तथा ऐतिहासिक ¥याली आयोजना गरिनेछ । त्यसैगरी वीर पुर्खाहरूलाई सम्मान गर्नुका साथै स्थानीय उत्पादनको प्रवद्र्धनका लागि विभिन्न स्टलहरू समेत राखिने जनाइएको छ । पत्रकार सम्मेलनमा पर्सागढी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामजनम चौधरी, नगर प्रमुख गोकर्ण पाठक र समाजसेवी बृजमोहन चौधरीले कार्यक्रमका विविध पक्षबारे प्रकाश पारेका थिए ।

# अंग्रेजी नयाँ वर्ष शुरु ठोरीमा चहलपहल

**मधेशदृष्टि**
**वीरगंज ।**
आज सन् २०२६ को जनवरी १ सँगै अंग्रेजी नयाँ वर्ष शुरु भएको छ । नयाँ वर्षको अवसरमा पर्सा जिल्लाको पर्यटकीय क्षेत्र ठोरी घुम्न जानेको संख्या उल्लेख्यरूपमा बढेको छ ।

नयाँ वर्ष मनाउन वीरगंज मात्र नभई आसपासका जिल्लाका साथै छिमेकी देश भारतबाट समेत थुप्रै पर्यटक ठोरी पुग्ने गरेका छन् ।

प्राकृतिक सुन्दरता, हरियाली जंगल, शान्त वातावरण र वन्यजन्तु अवलोकनको आकर्षणका कारण ठोरी पछिल्ला वर्षहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको रोजाइको गन्तव्य बन्दै गएको छ ।

ठोरी जंगल रिसोर्टका सञ्चालक सुदिप थापाका अनुसार नयाँ वर्षको अवसरमा पर्यटकको अत्यधिक चासो देखिएपछि अधिकांश होटल तथा रिसोर्टहरू अग्रिम रूपमा बुक भइसकेका छन् । यसैगरी सोही रिसोर्टका प्रतिनिधि धीर सिंहले वीरगंजसहित नेपालका विभिन्न जिल्लाबाट मात्र नभई छिमेकी देश भारतबाट पनि ठूलो संख्यामा पर्यटकहरू पुग्ने गरेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन